अमेरिकी सेना प्रमुख जर्जलाई पदत्याग गर्न हेग्सेथको आग्रह पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com





वर्ष २७ • अंक ३०५ • २०८२ साल चैत २१ गते शनिबार (4 April, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।–


# सभामुखमा सत्तापक्षकै अर्याल निर्विरोध निर्वाचित

## उपसभामुखमा कांग्रेस र नेकपाको पनि दाबी




**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधि सभाको सभामुखमा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का उपाध्यक्ष डीपी अर्याल निर्विरोध निर्वाचित भएका छन् । सभापतिमा अर्याल निर्वाचित भएसंगै उपसभामुख कसलाई दिने भन्नेबारे रास्वपाले अहिलेसम्म कुनै निर्णय सार्वजनिक गरिसकेको छैन ।

रास्वपाको करिब दुई तिहाइ बहुमत भएकाले विपक्षीले सभामुखमा उम्मेदवारी नै दिएनन् । तर उपसभामुख पदमा भने नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टी(नेकपा)ले दाबी गरेको छ ।

संवैधानिक व्यवस्था अनुसार प्रतिनिधि सभाको सभामुख र उपसभामुख एकै दलको हुन नपाउने व्यवस्था छ । त्यसैले रास्वपाले उपसभामुखमा कसलाई समर्थन गर्छ भन्ने चासोको विषय बनेको छ ।

तर रास्वपाका सभापति रवि लामिछानेले अहिले उपसभामुखको विषयमा आफूहरू प्रवेश नै नगरेको दाबी गरे । सभापति लामिछानेले आफूहरु अहिले नै उपसभामुखको विषयलाई लिएर कुनै दलसंग वार्ता नगरेको समेत बताए ।

सभापति लामिछानेले भने, 'अहिले सभामुखको सकौँ, त्यसपछि उपसभामुखको छलफलको चरणमा जान्छौँ। छलफल नभएकाले कुन दलले पाउने सम्भावना छ भन्ने सम्भावनाको कुरै भएन ।'

उनले संवैधानिक अभ्यास, व्यावहारिक कुरा र अभ्यासलाई हेरेर उपसभामुखबारे निर्णय लिने बताए । सभामुखमा उम्मेदवारी नदिएको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टीले सार्वजनिक रूपमै उपसभामुखमा दाबी गरिरहेका छन् ।

हुन त हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) मध्ये एउटालाई रास्वपाले दिनसक्ने पनि चर्चा छ ।

कांग्रेसका प्रवक्ता देवराज चालिसेले जनाए अनुसार प्रमुख प्रतिपक्ष दलको हैसियतले आफूहरूले उपसभामुखमा दाबी गर्नु स्वाभाविक भएको छ ।

प्रवक्ता चालिसेले भने, 'सभामुख र उपसभामुख एउटै दलको बनाउने पाइँदैन। त्यसैले प्रमुख प्रतिपक्षी दलको हैसियतले हाम्रो दाबी स्वाभाविक रहन्छ ।'

अहिले उपसभामुखबारे थप कुनै कुराकानी नभएको उनको भनाइ छ ।

चालिसेले थप्दैं भने, 'हामीले अहिले संसदीय दलको नेता चयन गर्छौं। त्यसपछि बाँकी प्रक्रियामा जान्छौँ । अहिले हामीले कुनै कुराकानी गरेका छैनौं ।'

त्यस्तै नेकपाका सांसद रमेश मल्लले पनि उपसभामुखमा आफ्नो पार्टीको दाबी रहने बताए । उनले भने, 'उपसभामुखमा दाबी गर्ने भन्ने पार्टीको नीति छ। त्यसबाहेक अरू कुनै छलफल भएको पाएको छैन ।'

त्यसो त राप्रपाकी सांसद खुश्बु वलीको नाम उपसभामुखमा चर्चा भएपनि पार्टीभित्र त्यस्तो कुनै प्रस्ताव नै नआएको एक नेताले बताए ।

ती नेताले भने, 'अहिलेसम्म उपसभामुखको विषयलाई लिएर कुनै प्रस्ताव आएको छैन। पार्टी त्यो बाटोमा लाग्दैन पनि ।'

रास्वपाले अर्को दललाई उपसभामुख दिँदै संवैधानिक परिषद्लाई ध्यान दिएर मात्रै दिने देखिएको छ । ६ सदस्यीय संवैधानिक परिषद्मा उपसभामुख आफू अनुकूल व्यक्तिलाई ल्याउने प्रयास रास्वपाले गरिरहेको छ ।

संवैधानिक परिषद्मा प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रियसभा अध्यक्ष, प्रमुख प्रतिपक्ष दलको नेता र उपसभामुख सदस्य रहनेछन् ।

राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल नेकपा सम्बद्ध छन् । प्रमुख प्रतिपक्षी दलको नेता कांग्रेसको हुनेछ, त्यसैले उपसभामुख ल्याउनको लागि रास्वपाले संवैधानिक परिषद्को शक्ति सन्तुलनलाई हेरेर मात्रै उपयुक्त दलबाट ल्याउने आन्तरिक गृहकार्य थालिएको बताइन्छ ।

# भाडा नबढाए देशभरका गाडी ठप्प पार्ने चेतावनी



**टुडे समाचारदाता**

काठमाण्डु । पेट्रोलियम पदार्थको मूल्यमा लगातार वृद्धि गरे पनि सार्वजनिक यातायातको भाडा समायोजन नगरिएको भन्दै यातायात व्यवसायीले सेवा नै बन्द गर्ने चेतावनी दिएका छन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले भाडा बढाउन चेतावनी दिँदै यातायात सेवा नै ठप्प पार्ने जनाएको छ । आयल निगमले छोटो अन्तरालमै तीन पटकसम्म डिजेल र पेट्रोलको मूल्य बढाएर पनि सवारी साधनको भाडा नबढेकोले तत्काल नै भाडा वृद्धि गर्न माग गरेको छ ।

महासंघले अब पनि सरकारले भाडा नबढाए देशभरका यातायात सेवा ठप्प पार्ने वा आफैं भाडादर घोषणा गर्ने निर्णय गरेको छ। हवाई इन्धनको मूल्य बढ्ने बित्तिकै हवाई भाडा तत्काल समायोजन भए पनि लाखौं सर्वसाधारण जोडिएको सार्वजनिक यातायातको हकमा सरकारले बेवास्ता गरेको भन्दै आफैं भाडा वृद्धि गर्ने घोषणा गरेको छ ।

महासंघका महासचिव डेकनाथ गौतमद्वारा जारी विज्ञप्तिमा यातायात व्यवस्था विभागले वैज्ञानिक भाडा समायोजन विधि अनुसार गर्न माग गरिएको छ । यात्रुवाहक सवारीमा ११.३३ प्रतिशत र मालवाहक सवारीमा तराई तथा पहाडमा क्रमशः ८.८१ र १४.२९ प्रतिशत भाडा बढाउन सिफारिस गरिसक्दा पनि मन्त्रालयले फाइल थन्काएर राखिएको छ । २०७२ सालदेखि १३ वटा मुख्य सूचकहरुका आधारमा भाडा समायोजन नभएको र अहिले दैनिक लाखौं रुपैयाँ घाटा सहेर व्यवसाय सञ्चालन गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ,' विज्ञप्तिमा उल्लेख गरिएको छ ।

'पटक-पटकको अनुरोधलाई सरकारले कमजोरी ठानेको भन्दै महासंघले अब घाटामा सेवा दिन सकिदैन । सरकारले तत्काल निर्णय नलिए वैज्ञानिक विधिलाई नै आधार बनाएर व्यवसायीहरूले स्वतःस्फूर्त रुपमा भाडा वृद्धि गर्ने चेतावनी दिएका छन् । भाडा समायोजन नगरिए यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार स्वयं राज्य नै हुने भन्दै छ,' विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# महिला तस्कर 'चश्मावाली' पक्राउ



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा भन्सार छलीका सामग्रीहरु लोड भएको अटो रिक्सा सहित एकजना महिलालाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ ।

पछिल्लो समयमा ठूलो संख्यामा तस्करी मौलाएपछि नयाँ सरकार आएसँगै सशस्त्र प्रहरी चनाखो हुँदै कारबाहीमा उत्रिदा लाखौं मूल्य बराबरका अवैध सामग्रीसहित अटोसहित चश्मावाली भनिने एकजना महिला तस्करलाई नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १० गण सर्लाहीका अनुसार भारतबाट अवैध रूपमा ल्याइँदै गरेको किराना सामान बरामद गरिएको छ । विशेष सूचनाको आधारमा चन्द्रनगर गाउँपालिका-४ स्थित पोखरिया क्षेत्रमा खटिएको सशस्त्र प्रहरीको टोलीले सवारी चेकजाँचका क्रममा ज १ ह ४४५१ नम्बरको अटोलाई रोकेर चेकजाँच गर्दा भन्सार छलीका सामग्रीहरु सहित उनलाई पक्राउ गरिएको बताइएको छ ।

अटोबाट मरिच ३४ किलो, मैदा ७ बोरा, पाउडर दूध ४५ किलो, पेडा १३५ डिब्बा र चकलेट ३० डिब्बा बरामद गरिएको छ । अटोमा सवार सर्लाही इश्वरपुर नगरपालिका-६ स्थित बयलवासका करिब ३० वर्षीय बवी महतो (उपनाम 'चश्मावाली') लाई पनि नियन्त्रणमा लिइएको जनाइएको छ ।

नियन्त्रणमा लिएका अटो र सामान आवश्यक कारबाहीका लागि मलंगवा भन्सार कार्यालय बुझाइएको छ । भन्सार कार्यालयका अनुसार अटोको मूल्य करिब ३ लाख ५० हजार रुपैयाँ र सामग्रीहरुको मूल्य १ लाख २७ हजार १२५ गरी ४ लाख ७७ हजार १२५ रुपैयाँ बराबरको सामग्रीहरुसमेत दाखिला गरिएको छ ।

केही साता अघि महिला तस्कर चश्मावाली र सशस्त्र प्रहरीको असई घुमुवा सुरेश महतोबीच अडियो रेकर्ड सार्वजनिक गरिएको थियो । तैपनि उनलाई कारबाही नगरेर जिल्लाको मुख्य घुमुवामा राखेर गणबाट नै अबैध रकम उठाउनमा व्यस्त गराइएको थियो ।

# उद्योगी–व्यवसायीसंग संवादमार्फत राजस्व बढाउनेतर्फ लाग्नुस्: अर्थमन्त्री वाग्ले



**टुडे समाचारदाता**

वीरगञ्ज । अर्थमन्त्री स्वर्णिम वाग्लेले राजस्वको लक्ष्यभन्दा धेरै रकम संकलन गर्ने गरी काम गर्नका लागि वीरगञ्ज भन्सारका कर्मचारीहरूलाई निर्देशन दिएका छन् । अर्थमन्त्री वाग्लेले शुक्रबार वीरगञ्ज भन्सार कार्यालयको निरीक्षण गर्दै लक्ष्य अनुसारको राजस्व उठाउन पनि दबाब पर्ने भए तापनि संवादमार्फत नै राजस्वको लक्ष्यभन्दा धेरै रकम उठाउन अनुरोध गरेका छन् ।

"लक्ष्य अनुसार राजस्व उठाउनका लागि एउटा दबाब पनि पर्ने गर्छ। त्यतिबेला उद्योगी-व्यवसायीहरू मारमा पनि पर्ने गर्छन् । तर, उद्योगी व्यवसायीलाई धरपकड र छापा मार्नेभन्दा पनि फकाई-फकाई वा संवादबाटै राजस्व उठाउनेतर्फ अघि बढ्न निर्देश गर्दछु", उनले भने, "घुसको लेनदेन हुने गरेका विभिन्न खालका गुनासाहरू पनि रहेका छन् । त्यस्ता गुनासालाई पनि अन्त्य गर्न जरुरी छ ।"

अर्थमन्त्री वाग्लेले राम्रो काम गर्नेलाई प्रशंसा/पुरस्कृत गर्ने र नराम्रो काम गर्नेलाई हतोत्साहित गर्ने नीति अनुसार अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । "सरकारको माथिल्लो तहबाटै सदाचारको नीति अघि बढ्ने भएकाले तल्लो तहमा पनि सो कायम गर्न जरुरी छ । त्यो कुरा यहाँहरूले पनि पालना गर्नुहोला", उनले भने, "बजार अनुगमन त हामीले गर्नुपर्ने हुन्छ । तर, बजार अनुगमनको पनि दुरुप्रयोग हुनेतर्फ सचेत र सहज हुनका लागि अनुरोध गर्दछु ।"

अर्थमन्त्री वाग्लेले उद्योगी-व्यवसायीलाई तर्साएर र धम्क्याएर नभएर संवादमार्फत राजस्व उठाउने कार्यमा लाग्न अनुरोध गरे । "कडाइ गरेर एक वर्ष त राजस्व धेरै उठाउन सकिएला तर, उद्योगी व्यवसाय गर्न नै हतोत्साहि हुने वातावरण भने बनाउने छैनौं", उनले भने, "राजस्वको लक्ष्य पूरा गरेको खण्डमा तपाईंहरू मेरो नोटिसमा आउनुहुनेछ । सरकारले हामीले जुन विराट लक्ष्य लिएका छौं, त्यसलाई परिपूर्ति गर्न सकिनेछ ।"

उनले बदमासी गर्ने विरुद्धमा राज्य एकदमै निर्मम भएर अघि बढ्ने बताए । "भ्रष्टाचारलाई मलजल गर्ने समूह र व्यक्तिहरूमाथि नेपालको मौजुदा कानुन कार्यान्वयन गरेर नै छाड्नेछौँ", उनले भने, "अहिले हिजोजस्तो समय छैन । समयले अहिले काँचुली फेरेको छ । नयाँ चाल र लयलाई समात्नुपर्छ भन्ने छ । अब सेवाप्रवाहमा नयाँ अनुभव गर्न पाउनुपर्नेछ ।"




# कञ्चनपुर-कमला सडक विस्तारमा ढिलासुस्ती

सिरहा । पूर्व-पश्चिम राजमार्गअन्तर्गत कञ्चनपुर-कमला सडक खण्ड विस्तारमा भएको ढिलासुस्ती र त्यसबाट उत्पन्न धुवाँधुलोका कारण आजित भएका स्थानीय बासिन्दाले शुक्रबार सडक अवरुद्ध पारेका छन् । निर्माण कार्य सुरु भएको पाँच वर्ष बितिसक्दा पनि आयोजना सम्पन्न नहुँदा स्वास्थ्य समस्या र दुर्घटनाको जोखिम बढेको भन्दै लहानका बासिन्दाले यातायात सेवा ठप्प पारेका हुन् ।

यो आयोजना निर्माणको ठेक्का चिनियाँ कम्पनी 'चाइना रेलवे नं २ इञ्जिनियरिङ ग्रुप'ले सन् २०२० जुनमा लिएको थियो । सन् २०२० अक्टोबरदेखि निर्माण कार्य सुरु भएको थियो । योजना प्रमुख उज्वल श्रेष्ठका अनुसार सम्झौताअनुसार तीन वर्षभित्र अर्थात् सन् २०२३ अक्टोबरसम्ममा ८६.८२ किलोमिटर लामो यो सडकखण्ड विस्तार गरिसक्नुपर्ने थियो । तर निर्धारित समयमा काम सम्पन्न हुन नसकेपछि हालसम्म तीन पटक म्याद थप गरिसकिएको छ ।

पहिलोपटक १४ महिना, दोस्रोपटक १२ महिना र हालै तेस्रो पटक ६ महिना थपेर निर्माण अवधि आगामी सन् २०२६ जुनसम्म पुर्‍याइएको छ । आयोजनाको कूल लागत भेरिएसनसहित करिब रु १६ अर्ब आठ करोड ५० लाख अनुमान गरिएको छ, जसमा एसियाली विकास बैंकको ७१ दशमलव २२ प्रतिशत ऋण र नेपाल सरकारको २८ दशमलव ७८ प्रतिशत लगानी रहेको छ ।

पाँच वर्ष बितिसक्दा पनि आयोजनाको समग्र भौतिक प्रगति जम्मा ६९ प्रतिशत मात्र पुगेको छ । आयोजनाको पूर्वी खण्ड (३९.४२ किमि) मा करिब ६७ प्रतिशत र पश्चिम खण्ड (४७.४ किमि) मा ५५ देखि ६० प्रतिशत मात्र काम सम्पन्न भएको छ । कोभिड-१९ महामारी, रुख कटान र विद्युत्का पोल सार्ने जस्ता काममा ढिलाइ, निर्माण सामग्रीको अभाव र स्थानीयको अवरोधका कारण कामले गति लिन नसकेको योजना प्रमुख श्रेष्ठको भनाइ छ ।

सडक विस्तारको सुस्त गतिले लहान र मिर्चैया जस्ता बजार क्षेत्र धुलाम्य बनेका छन् । स्थानीयवासीमा श्वासप्रश्वाससम्बन्धी समस्या देखिनुका साथै अधुरा पुल र साँघुरा डाइभर्सनका कारण दुर्घटनाको जोखिम बढेको छ । योजना प्रमुख श्रेष्ठ भन्नुहुन्छ, "हामीले ठेकेदार र कन्सल्ट्यान्टलाई निरन्तर ताकेता गरिरहेका छौँ ।"रासस

# दलित भूमिहीनका लागि जनकपुरधाम-१७ मा जीविकोपार्जन सहयोग कार्यक्रम सुरु



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका वडा नं. १७ मा दलित तथा भूमिहीन समुदायको सहज जीवनयापनका लागि लक्षित कार्यक्रम सुरु गरिएको छ । वडा अध्यक्ष रामवृक्ष यादवको पहल तथा जानकी महिला जागरण समाजको सहकार्यमा उक्त सहयोग कार्यक्रम अघि बढाइएको हो ।

कार्यक्रमअन्तर्गत वडाका दलित तथा भूमिहीन परिवारलाई आयआर्जनमा टेवा पुग्ने उद्देश्यले पसल सञ्चालनका लागि नगद सहयोगका साथै भैंसी, बाख्रा लगायतका पशु प्रदान गरिएको छ । यसले आर्थिक रूपमा कमजोर परिवारहरूको दैनिक जीविकोपार्जनमा सहयोग पुग्ने विश्वास लिइएको छ।

वडा अध्यक्ष यादवले यस्ता कार्यक्रमहरूले गुजारा चलाउन कठिनाइ भोग्दै आएका परिवारलाई राहत पुग्ने बताए । "पहिले दैनिक खर्च धान्नै समस्या थियो, अब यस्तो सहयोगले उनीहरूलाई आत्मनिर्भर बन्न मद्दत पुग्छ," उनले भने। साथै उनले जानकी महिला जागरण समाजको पहलमा सुरु गरिएको यो कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे।

त्यसैगरी, वडा नं. १७ मा सरसफाइ अभियानलाई पनि प्राथमिकताका साथ अघि बढाइएको छ। ग्रामीण क्षेत्रअन्तर्गत पर्ने यस वडामा फोहर थुप्रिँदा दुर्गन्ध फैलिने समस्या बढेपछि दैनिक सरसफाइ कार्यक्रम सञ्चालनमा ल्याइएको अध्यक्ष यादवले जानकारी दिए।स्थानीय तहको सक्रियता र सामाजिक संस्थाको सहकार्यले समुदायस्तरमै सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ ।

# चुरे संरक्षणका लागि सरकारलाई कडा कदम चाल्न आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे तथा वनजंगल संरक्षण अभियान, नेपालले चुरे क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै विभिन्न माग अघि सारेको छ । अभियानका सह-संयोजक राजेश भण्डारीद्वारा हस्ताक्षरित ध्यानाकर्षण पत्र प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमार्फत मधेश प्रदेश सरकारलाई बुझाइएको हो ।

अभियानले विगत एक दशकदेखि प्राकृतिक सम्पदाको संरक्षणका लागि संघर्ष गर्दै आए पनि सरकारले आवश्यक ध्यान नदिएको गुनासो गरेको छ । वर्तमान राजनीतिक परिवेशसँगै जनतामा नयाँ आशा जागेको उल्लेख गर्दै अभियानले आफ्ना मागहरू कार्यान्वयन गर्न सरकारसँग आग्रह गरेको छ ।



अभियानले चुरे तथा वनजंगल क्षेत्रमा भइरहेका अतिक्रमण हटाउन र ढुङ्गा, गिट्टी तथा बालुवाको अवैध उत्खनन तत्काल रोक्नुपर्ने माग गरेको छ। साथै अवैध क्रसर उद्योग बन्द गर्दै वातावरणीय क्षतिपूर्ति असुल गर्नुपर्ने र चुरेभावर क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा गर्नुपर्ने माग पनि राखिएको छ । त्यस्तै, ढुङ्गा, गिट्टी र बालुवा व्यवस्थापनसम्बन्धी मापदण्ड संशोधन गरी वन क्षेत्रबाट हुने उत्खननलाई सम्बन्धित डिभिजन वन कार्यालयको निगरानीमा सञ्चालन गर्नुपर्ने प्रावधान थप गर्नुपर्ने बताइएको छ।

अभियानले देशभरका प्रदूषित तथा अतिक्रमित नदी-नालालाई सफा गर्न र प्रदूषण नियन्त्रण बोर्ड गठन गर्न पनि माग गरेको छ। साथै तराई-मधेश क्षेत्रमा देखिने पानी अभाव समाधानका लागि चुरे क्षेत्रका नदीहरूमा चेकड्याम निर्माण तथा जीर्ण अवस्थामा रहेका सिँचाइ नहरहरूको स्तरोन्नति गर्दै हरित कोरिडोर निर्माण गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । यसैगरी, राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति र चुरे उत्थानशील आयोजनाले हालसम्म गरेका कार्यहरूको उच्चस्तरीय छानबिन गर्नुपर्ने माग पनि पत्रमा समावेश गरिएको छ ।

अभियानले आफ्ना मागप्रति सरकारले गम्भीरता नदेखाए विभिन्न चरणमा खबरदारी जारी राख्ने चेतावनी दिएको छ।उक्त पत्रको बोधार्थ गृह, वन तथा सिँचाइ मन्त्रालयसहित सबै प्रदेशका सम्बन्धित मन्त्रालयहरूलाई समेत पठाइएको छ ।

# ट्रैक्टर दुर्घटनामा एकको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । रौतहटको पूर्वी क्षेत्र गढिमाई नगरपालिकामा ट्रैक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । गढिमाई नगरपालिका-७ धरमपुर धनहारीस्थित नहरको बाटोमा धनहारीबाट धरमपुरतर्फ जाँदै गरेको ना ६ त ९६८३ नम्बरको ट्रैक्टर अचानक अनियन्त्रित भई खेतमा पल्टिएको हो ।

दुर्घटनामा ट्रैक्टर चालक गौर नगरपालिका-६ सबगढाका २८ वर्षीय रञ्जित साहको ट्रैक्टरको इन्जिन भागले च्यापिएपछि उनको घटनास्थलमै मृत्यु भएको



इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकर प्रसाद आचार्यले जानकारी दिएका छन् ।

घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ भने मृतकको शव पोस्टमार्टमका लागि पठाउने तयारी गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# प्रश्नपत्र आउट गर्ने पक्राउ




**टुडे समाचारदाता**

रौतहट । रौतहटमा एसइई परीक्षाको मर्यादा विपरित प्रविधिको दुरुपयोग गरेर प्रश्नपत्र बाहिर गर्नेलाई रौतहट प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीले सामाजिक सञ्जाल व्हाट्सअप समूह मार्फत प्रश्न 'आउट' गरी उत्तर पठाउने कार्यमा संलग्न तीन जनालाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेहरूमा रौतहट गरुडा-७ का १८ वर्षीय चन्दन पटेल, वृन्दावन-७ का २० वर्षीय रोहित कुमार पटेल र सर्लाही बलरा-८ का १८ वर्षीय धिरज साह रहेको जनाए ।

जिल्ला प्रहरी कार्यालय रौतहटले जारी गरेको प्रेस विज्ञप्तीमा शुक्रवार बिहान साढे १० बजेको समयमा गरुडा नगरपालिका स्थित परीक्षा केन्द्रहरूबाट प्रश्नपत्र बाहिर निकालेर मोबाइल मार्फत उत्तर पठाउने कार्य भइरहेको सूचनाका आधारमा प्रहरीले सख्त कदम उठाएको छ ।

परीक्षा दिइरहेका विद्यार्थीहरूलाई व्हाट्सअप ग्रुपमा जोडेर केन्द्रबाट प्रश्न बाहिर ल्याई अनलाइन माध्यमबाट उत्तर उपलब्ध गराउदै आएर एसइइ परीक्षाको विश्वसनीयता र मर्यादा माथि गम्भीर प्रहार गरेको प्रहरीको ठहर छ ।

प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाएको निमित्त सुचना अधिकारी जिवनकुमार मैनालीले बताए । यस घटनाले परीक्षा प्रणालीमा प्रविधिको दुरुपयोग कति गम्भीर रूपमा बढ्दै गएको छ भन्ने स्पष्ट पारेको उनले भने ।

यस्तै मावी बरगजवा परीक्षा केन्द्रमा गरुडा मावीको परीक्षार्थीहरु परिक्षा दिईरहेको अवस्थामा सोही मावीका विषयगत शिक्षकहरु राखेर शंकाष्पद गतिविधि गराईरहेको अवस्थामा केही वेर नियन्त्रणमा राखेर अब उपरान्त यस्तो नगर्ने शर्तमा उनीहरुलाई छाडिएका थिए ।

एसइइ परीक्षालाई मर्यादित बनाउन सबै पक्षहरु आ आफना स्तरबाट लाग्नुपर्ने प्रमुख जिल्ला अधिकारी दिनेस सागर भुसालले यदी मर्यादा विपरित कार्य गरिएको पाइएमा प्रचलित ऐन अनुसार कारवाहीको भागी हुने समेत चेतावनी दिएका छन् ।

# लेखापढी व्यवसायी आन्दोलनमा

**टुडे समाचारदाता**

मलंगवा । बिचौलिया भनी लेखापढी व्यवसायीहरुलाई समेत मालपोत कार्यालयमा प्रवेश निषेध गरेकोमा सर्लाहीमा लेखापढी व्यवसायी आन्दोलनमा उत्रेका छन् ।

सरकारले लेखापढी व्यवसायीलाई कार्यालयभित्र प्रवेश गर्न नदिनु भनी परिपत्र गरेपछि हरिवनस्थित नापी र मालपोत कार्यालयले बिहीबारदेखि कार्यालयको गेटभित्र प्रवेश गर्न निषेध गरेसँगै लेखापढी व्यवसायी आन्दोलित बनेका हुन् । उनीहरुले बिहीबार दिनभर सटर बन्द गरेर सेवाग्राहीको काम नगरी बसे ।

लेखापढी व्यवसायीले बाहिर बसेर कागजात तयार पार्ने तथा अनलाइनबाट हुने काम गर्ने गर्दै आइरहेका छन् । सरकारले आफूहरुलाई बिचौलियाको संज्ञा दिँदै कार्यालय प्रवेशमै निषेध गरेपछि लेखापढी व्यवसायी 'पेन डाउन' गरेर काम नगरी बसेका हुन् ।




कार्यालयभित्र लेखापढी व्यवसायीलाई प्रवेश गर्न नदिनु भन्ने आशयको पत्र आएपछि मालपोत कार्यालय हरिवनले बिहीबार बिहान स्थानीय लेखापढी व्यवसायीसँग छलफल गरेर परिपत्रबारे जानकारी गराएको थियो । लेखापढी व्यवसायी सङ्घ हरिवनका पूर्व अध्यक्ष अकलबहादुर भण्डारीले दर्ता गरेर नेपाल सरकारलाई राजस्व बुझाएर काम गर्दा 'बिचौलिया' भन्नु दुःखद् रहेको बताएका छन् ।

आफूहरुले नागरिकलाई दिएको कानूनी सेवा र सरकारको राजस्व बढाउन गरेको योगदानको अवमूल्यङ्कन गरिएको लेखापढी व्यवसायी भण्डारीको भनाइ छ। लेखापढी व्यवसायी कामकाज बन्द गरेर बसेपछि जग्गा राजिनामा, कित्ताकाटलगायत काम लिएर पुगेका सेवाग्राही काम नभएर रित्तोहात घर फर्कन बाध्य भए ।

मालपोत कार्यालय हरिवनका प्रमुख उदयप्रसाद देवकोटाले विभागबाट प्राप्त परिपत्र कार्यान्वयन गर्दै कार्यालयभित्र प्रवेश गर्न रोक लगाइएको बताउनुभयो । अहिलेको व्यवस्था अनुसार बाहिर बस्ने लेखापढी व्यवसायीमार्फत नै लेखापढी र धेरैजसो अनलाइन इन्ट्रीको काम हुने हुँदा व्यवसायी आन्दोलित बन्दा कार्यालयको काममा प्रभाव परेको प्रमुख मालपोत अधिकृत देवकोटाले बताए ।

"सबै सेवाग्राहीको अनलाइनमा गर्नुपर्ने इन्ट्रीका काम गर्न हामीसँग जनशक्ति पर्याप्त छैनन्, तर सरकारले गरेको परिपत्र अबलम्बन गरेर अघि बढ्छौं," प्रमुख मालपोत अधिकृत देवकोटाले भने, "लेखापढी व्यवसायी आन्दोलित भएपछि कामकाज रोकिन पुगेको विषयमा सरकारले थप केही निर्णय वा व्यवस्था गर्छ होला भन्ने लागेको छ ।"

# देवीदहको पर्यटन प्रवर्द्धनका लागि 'विष्णु महायज्ञ'

सिरहा । जिल्लाको धार्मिक तथा पर्यटकीयस्थल देवीदहको पर्यटन प्रवर्द्धन र प्रचारप्रसारका लागि विष्णु महायज्ञ आयोजना गरिएको छ । लहान नगरपालिकाको वडा नं १७ स्थित पर्यटकीय क्षेत्रमा चैत १९ गतेदेखि २९ गतेसम्म महायज्ञ आयोजना हुने छ ।

महायज्ञ आयोजक महात्मा शिवलाल दास र चुलहाइ दासका अनुसार विगत तीन वर्षदेखि यहाँ निरन्तर महायज्ञ आयोजना गर्दिै आएको छ । यसले मानव कल्याणका साथै स्थानीयवासीमा धार्मिक सद्भाव बढाउन र आपसी वैमनस्यता घटाउन मद्दत पुग्ने विश्वास लिइएको छ । करिब नौ बिघा क्षेत्रफलमा फैलिएको दहको प्रचारप्रसारका लागि पनि महायज्ञ आयोजना गरिएको जनाइएको छ । १० वर्षअघि प्रथम राष्ट्रपति डा रामवरण यादवले यस क्षेत्रको अवलोकन गरी संरक्षणमा चासो देखाएपछिनै यहाँ आन्तरिक पर्यटककीय गतिविधि बढिरहेका छन् ।

देवीदह वन उपभोक्ता समूह तथा संरक्षण समितिका अध्यक्ष कपिलेश्वर यादवले उचित बजेट र संरक्षणको अभावमा दहको अवस्था दयनीय बन्दै गएको छ । उहाँले भन्नुभयो, "यो दह धार्मिक तथा ऐतिहासिक हिसाबले प्रसिद्ध छ, तर बजेट नहुँदा संरक्षण हुन सकिरहेको छैन । पर्यटकलाई जलयात्राका लागि ल्याइएका चारवटा डुङ्गाहरू बिग्रिएर प्रयोगविहीन छन्, कतिपय संरचना अधुरै छन् । मधेस प्रदेशसभा सदस्य ललिता दासले पहलमा यहाँ उपलब्ध गराइएको रु २५ लाखबाट हाल केही काम भने भइरहेका छन् ।"

लहान, १७ का वडाध्यक्ष प्रथमलाल चौधरीले यसअघि ठूला योजना निर्माणका लागि प्रयास गरिए पनि कार्यान्वयन नभएको बताउनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७७/७८ मा रु छ करोड ९३ लाखभन्दा बढीको लागतमा ठेक्का लागे पनि नगरपालिकाले बेहोर्नुपर्ने रु एक करोड ८० लाखको दायित्व नलिँदा कार्यान्वयन भएन । त्यसबेला पर्यटन बोर्डसँग सम्झौता भएको रु पाँच करोड २२ लाखको योजना कार्यान्वयन नहुँदा पछि नयाँ पूर्वाधार बनाउन नसकिएको र पुराना संरचनासमेत जीर्ण भएका वडाध्यक्ष चौधरीले गुनासो गर्नुभयो । उहाँले यस सिमसार तथा धार्मिक क्षेत्रको महत्त्वलाई उजागर गर्न र ओझेलमा परेको पर्यटनलाई पुनः चलायमान बनाउन महायज्ञले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : कर्मप्राप्तिका लागि गरिएका प्रयास सफल हुनेछन् । मनमा शान्ति मिल्नेछ।
वृष : अभिभावकको आशीर्वाद मनन गर्नुहोला ।
मिथुन : खर्च बढ्नुका साथै विभिन्न जोखिम आइलाग्ने समय छ ।
कर्कट : साथीभाइको राम्रो सल्लाह र सदुभावना प्राप्त हुनेछ ।
सिंह : अध्ययन-अध्यापनको क्षेत्रमा प्रगति ।
कन्या : अनावश्यक दौडधुप गर्नुपर्नेछ, काममा चुनौती ।
तुला : केही कुरा बोल्नु अगाडि विचार गर्नुहोला ।
वृश्चिक : सुनचाँदी जस्ता धातुको कारोबारबाट लाभ मिल्नेछ ।
धनु : मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ ।
मकर : जग्गा खरिद बिक्रीका लागि तपाईको आजको दिन शुभ हुनेछ ।
कुम्भ: बोलीको प्रभाव पनि बढ्नेछ ।
मीन: जोखिमपूर्ण चुनौतीको सामना गर्दा तपाईलाई आज शुभ हुने योग छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सिरहाको लहानमा सडक विस्तारमा भएको ढिलासुस्ती र धुलोको विरोधमा स्थानीयवासीले शुक्रबार सडक अवरोध गरेपछि सडकमा रोखिएका सवारी साधन । कञ्चनपुर-कमला सडकखण्डको काम ६ वर्षसम्म पनि अलपत्र पारेपछि आजित भएका स्थानीयले निर्माण कम्पनीविरुद्ध प्रदर्शन गरेका हुन् । तस्बिरः रासस

# सामुदायिक विकासका सात परियोजना कार्यान्वयनको सम्झौता




काठमाण्डु । भारत सरकारले सामुदायिक विकासका सात परियोजना कार्यान्वयन गर्ने भएको छ। त्यससम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र यहाँस्थित भारतीय राजदूतावासबीच बुधबार समझदारीपत्रमा हस्ताक्षर भएको हो ।परियोजनाअन्तर्गत नवलपुरको मध्यविन्दु नगरपालिका-२ मा तेह्रथुमको लालीगुराँस नगरपालिका-२ मा ‘ कोल्ड स्टोर’ निर्माण, मुस्ताङको घरपझोङ गाउँपालिका-२ मा जनबल माध्यमिक विद्यालयको भवन, छात्रावास र चमेनागृहको निर्माण, कैलालीको गौरीगङ्गा नगरपालिका-११ मा कालिका प्राथमिक विद्यालय भवन निर्माण गरिनेछ ।

यसैगरी, रौतहटको परोहा नगरपालिका-४ मा प्रसूति केन्द्रको भवन निर्माण, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-७ मा कस्तुरी माध्यमिक विद्यालय र बाँकेको खजुरा गाउँपालिका-४ मा जनकल्याण माध्यमिक विद्यालयको भवन निर्माण गरिनेछ ।रासस

# सार्वजनिक बिदाको दिन पनि हुलाकबाट वस्तु आयात-निर्यातको सेवा लिन सकिने




काठमाण्डु । सार्वजनिक बिदाको दिन पनि हुलाक कार्यालयमार्फत विदेशमा सामान पठाउने र विदेशबाट आयात भएको सामान छुटाउन सकिने भएको छ।

गोश्वारा हुलाक कार्यालय डिल्लीबजारले यसअघि पनि सार्वजनिक बिदाका दिन सेवा दिँदै आएको भए पनि त्यहाँस्थित भन्सार कार्यालय र बैंक नखुल्दा भन्सार जाँचपासमा समस्या हुने गरेको थियो । अन्तरनिकाय समन्वय अभावमा सेवा प्रभावित भइरहेकोबारे गुनासो आउन थालेपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समेत चासो देखाएको थियो। सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाको निर्देशनपछि हुलाक सेवा विभागले भन्सार विभागसँग समन्वय गरेर सार्वजनिक बिदाको दिन पनि सजिलै सेवा दिन सकिने व्यवस्था मिलाउन प्रक्रिया थालेको हो ।

“मालसामान हुलाक गर्न वा अन्तरराास्ट्रिय कुरियर सेवाका लागि गोश्वारा हुलाक कार्यालयले सार्वजनिक बिदाको दिनमा सेवा दिने गरेको छ । तर त्यहाँ रहेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको शाखा सार्वजनिक बिदामा नखुल्दा जाँचपासमा समस्या थियो”, हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पङ्गेनीले रासससँग भन्नुभयो, “यो समस्या समाधानका लागि हामीले भन्सार विभागसँग मौखिक र पत्राचारबाट समेत जानकारी गराइसकेका छौं ।”

भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले पनि गोश्वारा हुलाक कार्यालयस्थित भन्सार शाखालाई सार्वजनिक बिदाको दिनसमेत सेवा सञ्चालन गर्ने प्रबन्ध मिलाउन लागिएको बताउनुभयो । त्यस्तै, राजस्व भुक्तानीका लागि त्यहाँस्थित बैंक शाखाले पनि आफ्नो सेवाहरू सुचारु राख्ने तयारी थालिएको छ । राष्ट्रिय वाणिज्य बैंकको शाखा सार्वजनिक बिदामा पनि खुला राख्न पहल भइरहेको हो ।

गोश्वारा हुलाक कार्यालय डिल्लीबजारबाट गत फागुन महिनामा मात्र १९ हजार २०० भन्दा बढी पुलिन्दा, पार्सल, साना प्याकेट, साधारण चिठ्ठी, रजिस्ट्री चिठ्ठी, बुक पोस्टलगायत वस्तु विदेशबाट आएका थिए । त्यस्तै, निर्यात भएका यस्ता वस्तुको सङ्ख्या ११ हजार ७०० हाराहारी छ। जसबाट रु २९ लाख चार हजार हाराहारी भन्सार राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ । सार्वजनिक बिदाको दिन कार्यालय सञ्चालन गर्दा नागरिकले सहज सेवा पाउनेमात्र नभई कार्यालयको व्यवसाय र नतिजा प्राप्ति दुवैमा सकारात्मक प्रभाव देखिने अपेक्षा गरिएको छ ।रासस

# गुणस्तरीय स्वास्थ्य सेवा सुधारका योजना बनाउँदै प्रतिष्ठान




काठमाण्डु । बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानले स्वास्थ्य सेवा क्षेत्रलाई गुणस्तरीय, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन सुधारका योजना अघि सारेको छ।

सरकारको यही चैत १३ गते बसेको मन्त्रिपरिषद् बैठकले शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची तयार गरी सार्वजनिक गरेको थियो । सोही कार्यसूचीको (ञ) मा स्वास्थ्य, शिक्षा र मानव विकासअन्तर्गत बुँदा नं ८५ मा स्वास्थ्य क्षेत्रको सुधारका लागि गरिने कामको सूची तयार गरिएको छ।

सोसम्बन्धमा प्रतिष्ठानका उपकुलपति प्राडा विक्रमप्रसाद श्रेष्ठको अध्यक्षतामा शुक्रबार बसेको उच्चस्तरीय बैठकले प्रतिष्ठानले प्रवाह गर्ने स्वास्थ्य क्षेत्रमा बृहत् परिवर्तन ल्याउन विभिन्न १३ बुँदे निर्णय गरेको छ। बैठकले प्रतिष्ठानमा विगतदेखि सञ्चालनमा रहेको १० प्रतिशत निःशुल्क शय्या सेवालाई थप पारदर्शी, व्यवस्थित र उत्तरदायी बनाउन, सेवा लिइरहेका बिरामीको अद्यावधिक विवरण ‘रियल टाइम लाइभ ड्यासबोर्ड’ मार्फत सार्वजनिक गर्ने व्यवस्था गरिने निर्णय गरेको छ।


त्यसैगरी प्रतिष्ठानका शिक्षक, स्वास्थ्यकर्मी तथा कर्मचारीको दैनिक हाजिरी गर्नका लागि बायोमेट्रिक हाजिरी प्रणाली विगतदेखि सञ्चालनमा रहेको जनाउँदै प्रतिष्ठानका उपकुलपति प्राडा श्रेष्ठले दैनिक ८:३० बजेभन्दा ढिला आउने तथा ४:४५ भन्दा छिटो जानेका लागि गयल हुने व्यवस्था यसअघि रहेको उल्लेख गर्नुभयो ।

उहाँका अनुसार कुनै कारण ढिलो भएमा वा छिटो जानु परेमा सोको पर्याप्त कारण खुलाइ निवेदन दिनुपर्ने व्यवस्था यसअघि पनि रहेकामा आगामी दिनमा थप कडाइ र प्रविधिमैत्री बनाउने गर्ने निर्णय भएको छ।

उक्त व्यवस्थालाई थप प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन शिक्षक, स्वास्थ्यकर्मी तथा कर्मचारीको उपस्थिति सुपरीवेक्षण एवं सुनिश्चित गर्न यही चैत १८ गते प्राडा स्मृति कार्कीको संयोजकत्वमा मूल्याङ्कन कमिटी गठन गर्ने निर्णय पनि भइसकेको प्रतिष्ठानले जनाएको छ।

विगतदेखि जलन उपचार सेवा प्रदान हुँदै आइरहेकाले आगामी दिनमा जलनका बिरामीको उपचारलाई अझ पहुँचयोग्य र सहुलियतपूर्ण बनाउन, जलनका बिरामीलाई प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा तथा शय्या निःशुल्क गर्ने व्यवस्था लागू गर्ने तथा जलन उपचार सेवाको प्रभावकारी सुदृढीकरणका लागि बर्न विशेषज्ञ जनशक्ति उपलब्ध हुने सम्बन्धमा मन्त्रालयसँग माग गर्ने निर्णय आजको बैठकले गरेको प्रतिष्ठानका उपकुलपति प्राडा श्रेष्ठले जानकारी दिनुभयो ।रासस

# पहाडी तथा हिमाली क्षेत्रमा वर्षा र हिमपातको सम्भावना, तराईमा हुरीको चेतावनी




काठमाण्डु ।हाल देशमा पश्चिमी तथा स्थानीय वायुको आंशिक प्रभाव कायम छ। यसका कारण गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भेगमा साधारणतया बादल लागेको छ भने अन्य भागमा आंशिक बदली रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार शुक्रबार दिउँसो सबै प्रदेशका हिमाली भागका साथै गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भेगमा सामान्य बदली रहनेछ भने अन्य स्थानमा आंशिक बदली हुनेछ। गण्डकी र कर्णाली प्रदेशका हिमाली भागका केही स्थान तथा अन्य प्रदेशका हिमाली र पहाडी क्षेत्रका एकदुई स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्का वर्षा वा हिमपातको सम्भावना छ। साथै, तराईका केही स्थानमा हावाहुरी चल्ने सम्भावना छ।

त्यसैगरी, शुक्रबार राति गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली भू-भागमा सामान्य बदली रहने र बाँकी भागमा आंशिक बदली हुने महाशाखाको पूर्वानुमान छ। कोशी, गण्डकी र कर्णाली प्रदेशका हिमाली भागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा वा हिमपात हुन सक्नेछ।

साथै गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली क्षेत्रका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा वा हिमपात हुन सक्ने तथा अन्य प्रदेशका पहाडी र हिमाली क्षेत्रका एकदुई स्थानमा हल्का वर्षा वा हिमपात हुने पूर्वानुमान गरिएको छ। मौसम पूर्वानुमान महाशाखाले तराई क्षेत्रका केही स्थानमा हुरीको सम्भावना रहेको जनाउँदै सर्वसाधारण तथा सम्बन्धित निकायलाई आवश्यक सतर्कता अपनाउन तथा पछिल्लो मौसमी सूचनाबारे जानकारी लिन महाशाखाले आग्रह गरेको छ ।रासस

## सट्टेबाजी एप वा प्लेटफर्ममा कारोबार नगर्न ब्यूरोको अनुरोध

काठमाण्डु । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले प्रतिबन्धित अनलाइन सट्टेबाजी साइट तथा प्लेटफर्म सञ्चालन गरी कारोबार नगर्न तथा नगराउन पुनः सचेत गराएको छ। सरकारले यसअघि नै अनलाइन सट्टेबाजी अनलाइन तथा प्लेटफर्म बन्द गरिसकेको छ ।ब्यूरोका प्रवक्ता शिवकुमार श्रेष्ठका अनुसार गैरकानुनी क्रियाकलाप नगर्न तथा नगराउन सबैमा अनुरोध गरिएको छ। त्यस्तो गरिएको पाइए




उपकरणसमेत जफथ हुने ब्यूरोले स्पष्ट पारेको छ।

प्रहरीले मुलुकी अपराधसंहिता, २०७४ बमोजिम फौजदारी कसुरमा प्रहरीले पक्राउ गरी अनुसन्धान गर्ने तथा सो कसुरमा संलग्न व्यक्तिलाई कैद वा जरिवाना वा दुवै सजाय हुनका साथ सट्टेबाजीबाट आर्जन गरिएको रकम वा प्रयोग गरिएका उपकरणसमेत जफत हुने ब्यूरोले प्रष्ट पारेको छ ।रासस

# विदेशिएका नेपालीले आठ महिनामा पठाए १४ खर्ब ४९ अर्ब विप्रेषण



काठमाण्डु । चालु आर्थिक वर्षको फागुन मसान्तसम्म विदेशमा गएका नेपालीले रु १४ खर्ब ४९ अर्ब ६५ करोडबराबरको विप्रेषण देशभित्र पठाएका छन् । नेपाल राष्ट्र बैंकको विवरणअनुसार विप्रेषण आप्रवाहमा ३७.७ प्रतिशतले वृद्धि भएको हो ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ९.५ प्रतिशतले बढेको थियो । गत फागुनमा विप्रेषण आप्रवाह रु एक खर्ब ८८ अर्ब ६४ करोड रहेको छ। अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह रु एक खर्ब ५१ अर्ब १९ करोडबराबर थियो ।सो अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३१ प्रतिशतले वृद्धि भई रु १० अर्ब १५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ७.१ प्रतिशतले बढेको थियो।

केन्द्रीय बैंकका अनुसार समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु १५ खर्ब ९१ अर्ब ६६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु ११ खर्ब ४९ अर्ब ३० करोड रहेको थियो। समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको स्᳚या दुई लाख ७३ हजार ५३६ र पुनः श्रम स्वीकृति लिनेको स्᳚या दुई लाख ५१ हजार ९८५ रहेको छ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो स्᳚या क्रमशः तीन लाख १७ हजार ०६८ र दुई लाख १७ हजार ४०३ रहेको थियो ।त्यस्तै, समीक्षा अवधिमा चालु खाता रु पाँच खर्ब ५२ अर्ब ८५ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु एक खर्ब ९७ अर्ब ३ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा रु एक अर्ब ४६ करोडले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा रु तीन अर्ब ८८ करोडले बचतमा रहेको छ।

यस्तै, फागुन मसान्तस्म्म रु १० अर्ब ८४ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) रु आठ अर्ब ४७ करोड रहेको थियो।

सो अवधिमा शोधनान्तर स्थिति रु छ खर्ब ५८ अर्ब ३५ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु तीन खर्ब १० अर्ब ३७ करोडले बचतमा रहेको थियो ।रासस

# भ्रष्टाचार नियन्त्रणका लागि उपयुक्त सुझाव दिन आग्रह



काठमाण्डु । सरकारले आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रणका लागि कार्यालय प्रमुखलाई नै जिम्मेवार र जवाफदेही बनाउने भएको छ । त्यसका लागि सरकारको तर्फबाट तत्काल अवलम्बन गर्नुपर्ने नीतिगत, कानुनी, संस्थागत, प्रक्रियागत र व्यवहारगत पक्षमा सुधार ल्याउन गर्नुपर्ने सुझाव उपलब्ध गराउन सबैलाई आग्रह गरेको छ। सेवाग्राहीसँग सभ्य व्यवहार गर्ने, कर्मचारीले तटस्थता, पारदर्शिता तथा कानुनमा उल्लिखित नैतिक एवं अनुशासनका विषयलगायत आचारसंहिताको कडाइकासाथ परिपालना गर्ने र गराउने प्रमुख दायित्व कार्यालय प्रमुखको भएको मुख्यसचिव अर्यालले उल्लेख गर्नुभएको छ।

मुख्यसचिव सुमनराज अर्यालले बिहीबार एक विज्ञप्ति जारी गरी हालै गठन भएको सरकारले सार्वजनिक निकायमा हुने नीतिगत, संस्थागत, प्रक्रियागतलगायत सबै किसिमका भ्रष्टाचारलाई अन्त्य गरी सुशासन प्रवर्द्धन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखेको स्पष्ट पार्नुभएको छ ।उहाँले सरकारी कार्यालय र कर्मचारीलाई दक्ष, व्यावसायिक र सदाचारयुक्त बनाई जनविश्वास आर्जन गर्ने, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा असहायलाई सार्वजनिक सेवा प्रवाहमा प्राथमिकता दिने नीति सरकारले आत्मसात् गरेको बताउनुभएको छ।

सरकारी निकायमा हुनसक्ने मोलमोलाहिजा, भ्रष्टाचार र अनियमितताका घटनाको सुक्ष्म निगरानी राख्ने, छड्के जाँच गर्ने गराउने र भ्रष्टाचारसम्बन्धी कुनै जानकारी प्राप्त हुनेबित्तिकै सम्बन्धित निकायमा लेखी पठाउनुहुन विज्ञप्तिमा अनुरोध गरिएको छ। सरकारी निकायमा कुनै किसिमको अनियमितता वा भ्रष्टाचारजन्य कार्य भएको पाइएमा निकाय तथा कार्यालय प्रमुखलाई नै प्रारम्भिक रूपमा जिम्मेवार बनाइने भएकाले सोहीबमोजिम गर्ने/गराउने व्यवस्थाका लागि विज्ञप्तिमा अनुरोध गरिएको छ।

सरकारी निकायबाट हुने सेवा प्रवाह, विकास व्यवस्थापन र नियमित कार्य सञ्चालनमा चुस्तता, मितव्ययिता, पारदर्शिता, प्रभावकारिता एवं आचरणगत पक्षमा सुधार गरी मुलुकमा सुशासनको प्रत्याभूति गराउनुपर्ने मुख्यसचिव अर्यालको विज्ञप्तिमा भनिएको छ।

सरकारी निकायबाट हुने सेवा प्रवाह, विकास निर्माण, राजस्व प्रशासन, ठेक्का तथा खरिद प्रक्रियामा सार्वजनिक पद तथा अधिकारको दुरुपयोग गरी हुने गरेका भ्रष्टाचारको अन्त्य गरी नागरिकले अनुभूति गर्नेगरी सुशासन र सदाचार कायम गर्न सबैले आवश्यक पहलकदमी लिनुपर्ने प्रष्ट पारिएको छ ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। बोलीको सम्झना ।।

बोलीको सम्झना मनमै बस्छ,
मीठा शब्दले हृदय नै हँस्छ।
कहिले खुशी, कहिले पीडा,
शब्दमै लुकेको हुन्छ भावना गहिरा।
आमाको बोली सधैं माया,
बुबाको शब्द जीवनको छाया।
साथीको हाँसो, बोल्ने तरिका,
सम्झिँदा लाग्छ झन् नजिकै छ जिका।
मीठो बोलीले मन जितिन्छ,
कटु शब्दले सम्बन्ध टुटिन्छ।
त्यसैले बोल्दा सोचेर बोल,
शब्दले बनाउँछ जीवनको पोल।
बोलीको सम्झना कहिल्यै मर्दैन,
मनको कुनामा सधैं बसिरहन्छ।
राम्रा शब्दले संसार उज्यालो,
नराम्रोले बनाउँछ अँध्यारो।



**रश्मी दनुवार**
**मोरङ्ग, नेपाल**

## ।। नयाँ सुरूवात गर्दैछु।।

पुराना यादहरू बगाउँदै,
म फेरि हाँस्दै छु,
टुटेका सपनाको धुलो झारेर,
नयाँ बाटो खोज्दै छु।
मनका घाउहरू निको पार्दै,
आफैंलाई बुझ्दै छु,
हारले दिएको पाठ समेटेर,
अगाडि बढ्दै छु।
अँध्यारो पछि उज्यालो छ भन्ने,
विश्वास फेरि जगाउँदै छु,
हारेको मनलाई सम्हाल्दै,
जितको सपना देख्दै छु।
अब डर छैन अँध्यारोसँग,
उज्यालो आफैं बन्ने छु,
जीवनको यो मोडबाट फेरि
नयाँ सुरुवात गर्दै छु।



**नामः खुशी कालिकोटे**
**ठेगानाः ओखलढुङ्गा**
**हाल:जनकपुरधाम**

## ।। प्रकृतिको मुस्कान ।।

नीलो आकाश, सेतो बादल, उड्ने चरीको ताँती,
सुनौलो घाम झुल्किँदा, खुल्छ प्रकृतिको छाती।
शितका थोपा घाँसमा टल्किए झैँ मोती,
यो धर्तीमा छरिएका अनौठो दिव्य ज्योति।
खोलाको सुसेलीमा हराउँछन् सारा पीर,
बतासले सुम्सुम्याउँदा शीतल हुन्छ शिर।
फूलको यो बास्नाभित्र लुकेको छ संसार,
सजाइराखौँ सधैँ यसलाई, नहोस् कहिल्यै संहार।
यसरी नै प्रकृतिले माया हामीलाई दिन्छे,
हाम्रो एउटा सानो मुस्कान, उनी आफैँ चिन्छिन्।



**लेखक शम्भु साह (कानूनी सल्लहकार )**
**ठेगना : मिरचैया न. पा ११**

## जीवन उपयोगी सन्देश



**नाम :- आनन्द कुमार कामत**
**ठेगाना :- जनकनंदिनी गाउपालिका (५)**
**टोल पतनुका , धनुषा (नेपाल**

एउटा चितुवा र कुकुरहरु को बिच खूब सुन्दर दौड़ हून भएको छ। एक पटक कुकुरहरू बिच दौड़मा चितवालाई पनि समावेश गरीएछ। तर जब दौड़ सुरु भयो सबै , कुकुरहरू जोड़ - जोड़का साथ दौडीन लागेछन। कसले जितने - कसले जितने जो सबभन्दा छिटो दौडीन सक्छ र अगाड़ी पुग्दछ उसैलाई बिजेता मानीने छ भनेर निर्णय पनि गरेछन। तर चितुवा भने जहाबाट दौड़ सुरु गर्नु थियो। त्यही स्थानमा शान्त भएर बसिरहेछ। तब त्यही समयमा अचम्मत - अचम्मित भएर सबै आएछन। दौड़ प्रतियोगितामा भाग लीने कुकुरहरू पनि आएछन । निर्णायक मण्डली आएछ। अन्य साथीहरू आएछन । सबै आएर चितुवालाई सोधेछन। आरे तिमी दौडिदैनौ किन नदौडिएको त । तब चितुवा ले मुस्कुराउदे उत्तर दिए । कहीलेकाही अफुलाई उत्कृष्ट प्रमाणित गर्नु आफैमा अपमान हुन्छ। म कुकुरहरु संग प्रतिस्पर्धा गर्न आएको होईन। म त चितुवा हु नि त्यही भएर चितुवा संगै दौडिन्छु।

यसले एउटा महत्वपूर्ण सन्देश के दिएको छ भने सबै ठाउमा आफूलाई प्रमाणित गर्न जरूरी छैन है हजूर केही प्रतिस्पर्धाहरु तपाईको स्तरसंग मेल खादैनन । कहीलेकाही मौनता नै सबैभन्दा बलीयो उत्तर हून सक्छ । त्यही भएर कहीलेकाही शान्त बस्दिनुस । कहीलेकाही शान्त स्वभावले यस्तो उत्तर दिन्छ नि हजूर जो जोड - जोड़ले चिल्लाएर पनि दिन सकिन्न।

यस कथामा जीवनको एउटा , गहिरो संदेश दिएको छ।

## ।। नसोध सानू, माया कति छ ।।

तिम्रो माया कति छ भनेर
नसोध न सानू...
यो त कुनै अंकले नापिने कुरा होइन,
यो त आत्माले महसुस गर्ने गहिरो अनुभूति हो।
तिमी मेरो जिन्दगीमा आएपछि
सबै कुरा बद्लिएको जस्तो लाग्छ,
रङ्गहीन दिनहरूमा पनि
इन्द्रेणी झल्किएको जस्तो लाग्छ।
तिमी टाढा हुँदा
मन किन यति खाली-खाली हुन्छ,
जस्तो सास त चलिरहेको छ
तर बाँच्नु भने अधुरो हुन्छ।
तिम्रो मुस्कानमा
मेरो संसार बस्छ सानू,
तिम्रो एउटा सानो कुरा पनि
मेरो दिनलाई उज्यालो बनाउँछ।
आकाश जति फराकिलो भए पनि
मेरो माया अझै फैलिएको छ,
समुन्द्र जति गहिरो भए पनि
मेरो भरोसा अझै डुबेको छ।
तिमी रिसाउँदा
मेरो मुटु नै डराउँछ,
तिमी हाँस्दा भने
मेरो संसार नै रमाउँछ।
नसोध न सानू
कति माया गर्छु भनेर,
यो त हरेक धड्कनमा तिमी बस्ने
अनन्त कथा हो।
यदि कहिल्यै थाहा पाउन मन लाग्यो भने
मेरो आँखामा हेर न...
त्यहाँ तिमी मात्र हुनेछौ,
र त्यो मायाको अन्त्य कहिल्यै हुने छैन



**लेखकः दिलीप कुमार दास**
**ठेगानाः धनुषाधाम -०४ लक्ष्मीपुर**

## ।। बदला या बदलाव ।।

ई बद्‌ला नाई बदलाव छै
शुरुवात् भेले आव छै ।।
जन नेता बनौलियै एकहैटा जनलियै
उजरैत देख मन दुःखियो अई
मुदा ओतबो नाई पछतौलियै
ई बद्‌ला नाई बदलाव छै
शुरुवात् भेले आव छै ।।
विष समाजक चोला में
बइन लेपटायल भोला अई
ठेकेदारी कतेक दिन चलतै त
आई व्याह परल छै धधकैत ओला में
ई बद्‌ला नाई बदलाव छै
शुरुवात् भेले आव छै ।।
भर्कैत तर्कैत आव गर्जन सभक
आनंद उठाउ दुर होयत आव अड्चन सब
साक्षी बनल चली अई आजादी के
आबै बला पुस्त पुस्ता क बादी के
वस, शान्ति अमनचैन बनल रहे
आव नाई धधकै ज्वाला बर्बादी के
ई बद्‌ला नाई बदलाव छै
शुरुवात् भेले आव छै।।



**मधुकर आजाद**

## ।। बिर्सेका छन्....।।

गर्ने व्यवहार बिर्सेका छन् ।
बोल्ने संस्कार बिर्सेका छन् ।।
अकस्मात् यदि भेट हुँदा पनि ।
गर्ने नमस्कार! बिर्सेका छन् ।।
एकदिन हेर्न तर्सन्थ्यो झलक ।
आज मेरो मुहार बिर्सेका छन् ।।
अरूलाई के भन्नु मेरै प्रियहरू ।
पाएको उपकार बिर्सेका छन् ।।
उपकार होस् या उपहार होस् ।
लिएको त उधार बिर्सेका छन् ।।
यहाँ उधारको पनि कुरा छैन् ।
प्रेम भाव विचार बिर्सेका छन् ।।



**कविः राम मण्डल**
**ठेगानाः लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा**
**धनुषा, नेपाल ।**

## ।। सरकार बालेन ।।

बालेन आउ गरिबी हटाउ
बालेन आउ गरिबलाई नभगाउ
गरिबमा हुन्छ मायाको सागर
गरिबहरू बाँच्दै छन् धनीसँग मिलीजुली गर्दै धनीहरूको मेलापात
गरिबलाई गरी खाने बाटो खुलाउ
धनीलाई त बसी बैंकिङ ब्याज खाए पनि भो
गरिबलाई त बार्ह घण्टा काम गर्नु नै पर्छ
नेतासँग थिए पैसा यथेस्ट
गरिबलाई बाटेर पनि गरिबी निर्मूल पार्न सक्थे
नेताहरूले जनतालाई गरिब बनाए प्रष्ट देखिन्छ
बालेन आउ जनतालाई संरक्षण देऊ
गरिबलाई सटरमा व्यापार गर्ने मन हुन्छ तर
सटर भाडा घरपेटीले नामुनासिब लिने गर्छ
कमाउ र घरपेटीको ढुकुटी भर्दै जाउँ
गरिब हुन् धनीका आँखाको नानी
बालबच्चा गरिबले पनि हुर्काउँदै अनि विदेश पलायन गराउँदै
घर सम्हाल्न र पक्की घर बनाउन
कयौँको घर सम्महले पनि र कयौँको घर बिग्रिए पनि
गरिब र धनी दुवैलाई हाँस्ने र बाँच्ने अधिकार छ
सीपमूलक समाज बनाउ प्राविधिक तवरले समाजमा आयवृद्धि
गराउ बालेन सरकार
वैचारिक द्वन्दको यस युगमा जातपातको खात्मा जरुरी छ
करम प्रधान भूमि बनाउ नेपाललाई बालेन सरकार
धर्म होइन कर्मभूमि बनाउ नेपाललाई
जय बालेन जय नेपाल



**कवि प्रमोद राम**
**जनकपुरधाम**

## ।। जीवनको महत्त्व ।।

जीवन एउटा अमूल्य धन,
यसलाई जोगाउनु हाम्रो कर्तव्य बन।
सुख-दुःखले भरिएको बाटो,
हिम्मतले पार गरौं हरेक घाँटो।
सानो खुसीमा हाँस्न सिक,
ठूलो पीडामा पनि नझुक।
आशा बोकी अघि बढ्दै जाऊ,
अँध्यारोपछि उज्यालो पाऊ।
आमा-बुबाको माया अमूल्य,
तिनको साथले जीवन पूर्ण।
मित्रता, प्रेम, विश्वासको डोरी,
यिनै हुन् जीवनका साँचो जोरी।
समय कहिल्यै फर्केर आउँदैन,
हरेक पललाई खेर नफाल।
राम्रा कर्मले नाम बनाऊ,
जीवनलाई सुन्दर बनाऊ।
जीवन सानो तर अर्थ ठूलो,
यसलाई बनाऊ सुनजस्तै झल्किलो।
सपना देख र पूरा गर,
आफ्नो बाटो आफैं रोज।



**लेखकः बब्लु शर्मा**
**ज. उ. न. पा.-७**

## ।। देश मे उन्नति प्रगती भेलै ।।


देश मे उन्नति प्रगति भेलै
जनता सब खुशी भेलै
पुरनका पाटी के पत्ता साफ
नया पाटी के उदय भेलै
चोर फटहा भष्टाचारी सबके दिन गेलै
आब नया इतिहार रचैलै
देशमे सरका छै से अनुभुति भेलै
युवा युवती खुशी भेलै
गाउँ गाउँ मे विकास हेतै
कलकारखाना सेहो खुल्तै
गरीब आब भुखल नै रहतै
अपने देशमे रोजगारी हेतै
पुरनका नेता जेल जै तै
नया नेता देश चलौ तै
घर घर मे देतै रोजगारी
आब ई प्रबिधि रहतै जारी
कोइ नै जैतै आब अरबके खाडी
अपने देश मे मिल्तै रोजगारी



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## "हाम्रो प्यारो नेपाल, सुन्दरता र शक्तिको प्रतीक"

हिमालको काखमा चाँदीको दरबार,
पहाडका पाखामा हरियो श्रृङ्गार।
नदीको सुशेली, झरनाको झङ्कार,
प्राकृतिक सुन्दरताको अनुपम भण्डार।
यही माटोमा जन्मिए बुद्ध महान,
शान्तिको सन्देश फैलाउँदै राखे देशको मान।
वीर गोर्खालीको वीरताको इतिहास,
दुश्मनलाई परास्त गर्ने अदम्य विश्वास।
नेपाल सेना, देशको ढाल,
हरेक विपत्तिमा खडा हुन्छ पर्खाल।
विभिन्न भेषभूषा, सांस्कृतिक प्रदेश,
नेपाल प्यारो, प्यारो हाम्रो देश।



**लेखक : मो.आमिर हुसैन**
**ठेगाना : जनकपुरधाम २५ लोहना**

## ।। माया ।।

दिलमा अर्कै बसेको भए.
नाता जोडेर के गर्छौ...
नगर उसको दिललाई प्रेम.
मेरो भरोसा तोडेर के गर्छौ..,,
आधी एउटा लाई आधी.
अर्कालाई किन गर्नु प्रेम...
यथार्थ यही त हो.
आखिर कुरा मोडेर के गर्छौ ....,,
खै कस्तो प्रेम हो.
मनमा एक मुखमा एक राख्ने...
धोखेबाज हौ तिमी.
प्रेम को खोल ओडेर के गर्छौ...,,
आजै जाउ मेरो मन बाट.
जिवन बाट नफर्किने गरि जाऊ...
छोडनै छ भने फेरि.
बिच बाटोमा छोडेर के गर्छौ...,,
बेवास्ताको अर्थ तिमीले सिकायो.
प्रतिक्षा गर अभावको पाठ म सिकाउने छु....,,



**लेखकः -बिरेन्द्र कुमार चौधरी**
**ठेगानाः -मिथिला न.पा.०३,हरिहरपुर**
**धनुषा, नेपाल**

## ।।आशाको बिहानी।।

आज मन भित्र एउटा नयाँ उज्यालो छ,
आँखा भरी सपना, हृदयमा भरोसा छ।
लाग्छ आज मेरो देश परिवर्तन हुन्छ,
अँध्यारो चिर्दै उज्यालोको बिहानी आउँछ।
हिजोका पीडा, संघर्षका कथा,
आज सबै मिलेर लेख्दैछौं नयाँ व्यथा।
थाकेका पाइला अब अगाडि बढ्दैछन्,
टुटेका आशा फेरि जोडिँदैछन्।
हावा पनि आज फरक बगिरहेको छ,
जनताको मनमा साहस पलाइरहेको छ।
सत्य र न्यायको आवाज गुन्जिँदैछ,
नयाँ नेपालको सपना सजिँदैछ।
आऊ, हातेमालो गरौं, साथ नछोडौं,
आशाको दीप कहिल्यै निभ्न नदिऔं।
किनकि आजको दिनले भन्छ यही कुरा–
परिवर्तन सम्भव छ, यदि हामी सँगै छौं सधैंभरा। ▯
लेखकः दिलीप कुमार दास
ठेगानाः धनुषाधाम - ०४ लक्ष्मीपुर

"लामो छ यात्रा"

छोटो छ जीवन।
लामो छ यात्रा।
सानो छ रहर।
ठूलो छ सपना।।
जीवन भो छ।
सुकेको रूख जसो।
सपना झै आकाशमा तारा झै चम्किदै छन्
सफलताको आश्मा बितदै छन् जीवन
सपना पूरा गर्ने आस बढ्दै छन्।
दुःख पीडाले भरीएको छ जीवन।
कोई छैनन् आफ्नो ।।
नदीको पानी जसो बग्दैछन सपना।
न रोकाय छ पानी ।
न रोकाय छ यात्रा।।
संघर्ष अगाडि अझै बढ्दै छन्।
सपनाको किनार खोज्दै छन्।
नयाँ छ सहर ।नयाँ छ ठाउँ।
कोई छैनन् आफ्नो।।
आश दिने धेरै छन्।
साथ दिने छैनन् कोई।
सबै स्वार्थी छन् ।
कोई छैनन् आफ्नो।
फूल जसो कोमल छ जीवन।
मौरी जसो छ यात्रा।
न रोकिने ठाउँ छ।
न बस्ने ठाउँ छन्।
काँडा जसो भो छ ।यो जीवन।।
दुःख दुखैईले भारी एको छ जीवन।
न सुख छान शान्ति छन्।
जीवनको यात्रा जारी छन्।।



**लेखकः उदय प्रसाद**
**ठगानाःखडक नगरपालिका**
**(-३ सप्तरी)नेपाल**

# गेटा अस्पताल र पाठ्यपुस्तक छपाइबारे शिक्षामन्त्रीको चासो



काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र चिकित्सा शिक्षा आयोगको स्थलगत निरीक्षण गर्नुभएको छ । मन्त्री पोखरेलसहितको टोलीले शुक्रबार भक्तपुरको सानोठिमीस्थित ती दुवै कार्यालयको अवलोकन भ्रमण गर्नुभएको हो ।

सो अवसरमा शिक्षामन्त्री पोखरेलले संस्थालाई सरकारको तर्फबाट आवश्यक सहयोग तथा सहजीकरण गर्ने बताउनुभयो। उहाँले सहयोग र सहकार्यका सम्भावित क्षेत्रहरू पहिचान गरेर समन्वयका साथ अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो।

शिक्षामन्त्री पोखरेलले भन्नुभयो, "यी दुवै सरकारी संस्थाहरूलाई सरकारको तर्फबाट अझ थप सहयोग र सहकार्या हुनेछ। मन्त्रालय र तद्निकायका पदाधिकारी बसेर कुन किसिमको समझदारी कायम गरेर अगाडि बढ्न सकिन्छ छलफल गरेर अगाडि बढ्नुपर्छ।"

शिक्षामन्त्री पोखरेलले जनक शिक्षा केन्द्रमा पुस्तक छपाइलगायत अन्य संरचनाको निरीक्षण गर्नुका साथै केन्द्रको समग्र अवस्थाबारे जानकारी लिनुभएको थियो । सो क्रममा उहाँले समयमा नै पुस्तक छापेर विद्यार्थीको हातहातमा पुर्याउन निर्देशन दिनुभयो।

त्यस्तै, मन्त्री पोखरेलले चिकित्सा शिक्षा आयोगको अवस्था र गतिविधिबारे जानकारी लिनुभयो। उहाँले गेटा अस्पताल कैलालीलाई गेटा विश्वविद्यालय सञ्चालनका लागि कानुनी अड्चन के छन्, त्यसलाई फुकाएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । ती दुवै निकायका पदाधिकारीले संस्थाको वस्तुस्थिति, गतिविधि र आगामी कार्ययोजना प्रस्तुत गरेका थिए ।रासस

# सेवा प्रवाह सुधार सरकारको प्राथमिकतामाः सञ्चारमन्त्री डा तिमिल्सिना

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले सरकारी निकाय तथा सार्वजनिक संस्थाको संस्थागत क्षमता विकासमार्फत नागरिकलाई सहज, छरितो र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने विषय सरकारको उच्च प्राथमिकतामा रहेको बताउनुभएको छ।

सार्वजनिक सेवा प्रशारण, रेडियो नेपालको ७६औँ वार्षिकोत्सवका अवसरमा सञ्चारमन्त्री डा तिमिल्सिनाले संस्थालाई बलियो, जवाफदेही र परिणाममुखी बनाउने दिशामा मन्त्रालय नयाँ ऊर्जा र गतिका साथ अघि बढिसकेको स्पष्ट गर्नुभयो ।उहाँले भन्नुभयो, "सरकारका निकायहरू बलिया भए मात्र नागरिकले सहज र गुणस्तरीय सेवा पाउँछन्। त्यसैले के गर्दा संस्था बलियो हुन्छ भन्ने विषयमा मन्त्रालयले नयाँ ढङ्गले काम अघि बढाएको छ। बलियो, जवाफदेही र प्रभावकारी संस्था निर्माणको विकल्प छैन।"

सञ्चारमन्त्री डा तिमिल्सिनाले प्रतिनिधिसभा निर्वाचनपछि युवाको काँधमा देश सञ्चालनको जिम्मेवारी आएको उल्लेख गर्दै राजनीतिक र प्रशासनिक संरचनामा देखिएका नकारात्मक प्रवृत्तिलाई परिवर्तन गर्न आवश्यक रहेको बताउनुभयो । "राजनीतिक रूपमा हाम्रा संस्थामा नकारात्मकता हावी भएको छ। देशले खोजिरहेको दिशा पहिचान गरेर हामीले त्यसअनुसार परिवर्तन गर्नुपर्छ", उहाँले भन्नुभयो, "राजनीतिक मूल सुध्रियो, अब हरेक संस्था सुध्रिने र हरेक नागरिकले आफ्नो दायित्व पूरा गर्ने बेला आएको छ।"



जवाफदेहिता र अनुशासनमा कुनै सम्झौता नगर्ने स्पष्ट पार्दै सञ्चारमन्त्री डा तिमिल्सिनाले भन्नुभयो, "हामी आफैँ एक इन्च पनि नराम्रो गर्दैनौँ र नराम्रो गर्नेलाई छोड्दैनौँ । जहाँ कमजोरी छ, त्यहाँ कारबाही गर्छौं । सेटिङ गर्नेहरूलाई कानुनी दायरामा ल्याउन मन्त्रालय र सरकारले काम गरिरहेको छ।" सरकारी खर्चमा मितव्ययिता अपनाउनुपर्नेमा जोड दिँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले अनावश्यक खर्च नियन्त्रण, प्रभावकारी सूचना सम्प्रेषण र सुशासनबीचको सम्बन्धलाई स्पष्ट पार्नुभयो। साथै, आगामी पाँच वर्षभित्र युवालाई विदेशिनु नपर्ने अवस्था सिर्जना गर्ने लक्ष्यमा नागरिकको समान जिम्मेवारी रहने उहाँले उल्लेख गर्नुभयो।

सञ्चारमन्त्री डा तिमिल्सिनाले लोकतान्त्रिक व्यवस्थामा सूचना नागरिकको मौलिक अधिकार भएको उल्लेख गर्दै सार्वजनिक सेवा प्रसारण संस्थाहरूले त्यसको रक्षा गर्नुपर्नेमा जोड दिनुभयो। बदलिँदो सञ्चार प्रविधि, बजार प्रतिस्पर्धा र दर्शक-श्रोताको बदलिँदो चाहनालाई ध्यानमा राख्दै सार्वजनिक सेवा प्रसारणलाई अझ प्रभावकारी, विश्वसनीय र जनमुखी बनाउनु आवश्यक रहेको उहाँको भनाइ थियो ।सञ्चारमन्त्री डा तिमिल्सिनाले आफ्नो विद्यार्थी जीवन सम्झँदै रेडियो नेपालले आफूलाई साहित्य लेखनतर्फ प्रेरित गरेको उल्लेख गर्दै सार्वजनिक सेवा प्रसारण संस्थाले समाज निर्माणमा दीर्घकालीन प्रभाव पार्ने उल्लेख गर्नुभयो।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव लक्ष्मीकुमारी बस्नेतले रेडियो नेपालले नागरिकको सुसूचित हुन पाउने अधिकार सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो । रेडियो नेपालले विश्वसनीय सूचना सम्प्रेषणसँगै भाषा, संस्कृति र पहिचानको प्रवर्द्धनमा योगदान पुऱ्याउँदै आएको उहाँको भनाइ थियो । सचिव बस्नेतले भन्नुभयो, "रेडियो नेपालले २६ भाषामा समाचार र २५ भाषामा कार्यक्रम सञ्चालन गर्दै विविधता संरक्षण गरेको छ। प्रविधिमैत्री माध्यममार्फत पुराना गीतसङ्गीतको संरक्षण र प्रवर्द्धनमा यसको महत्वपूर्ण भूमिका छ।"

सार्वजनिक सेवा प्रशारण नेपालका अध्यक्ष डा महेन्द्र विष्टले सार्वजनिक सेवा प्रसारणको अवधारणा अनुरूप स्वतन्त्र, निष्पक्ष र जनकेन्द्रित ढङ्गले काम गर्नुपर्ने आवश्यकता औंल्याउँदै नेपालमा यस क्षेत्रको सुधारका लागि ऐनसमेत जारी भइसकेको तथा सोही अनुरुप अघि बढ्हिेको बताउनुभयो । विसं २००७ चैत २० गते स्थापना भएको रेडियो नेपालले हाल देशको करिब ९४ प्रतिशत जनसङ्ख्यासम्म पुग्ने गरी सेवा विस्तार गरेको छ । प्रजातन्त्र स्थापनाकालदेखि विभिन्न राजनीतिक परिवर्तन, प्राकृतिक प्रकोप तथा विपद्का कठिन समयमा समेत रेडियो नेपालले नागरिकलाई निरन्तर सत्य तथ्य र आधिकारिक सूचना सेवा दिँदै आएको छ।रासस

## परराष्ट्रमन्त्री खनालद्वारा मनमैजु मन्दिरमा पूजाअर्चना

काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालले मनमैजु मन्दिरको दर्शन तथा पूजाअर्चना गर्नुभएको छ ।शुक्रबार बिहान तारकेश्वर नगरपालिका-९ मनमैजु मन्दिरमा पुगेर उहाँले पूजाअर्चना गर्नुभएको हो। मन्त्री खनालले अन्य दर्शनार्थीजस्तै लाइनमा बसेर पूजा गर्नुभएको थियो।



ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्त्व बोकेको मनमैजु बजारमा नेवार समुदायको बाक्लो बसोबास रहेको छ। यहाँ चैत शुक्ल पूर्णिमाको अघिल्लो दिनदेखि पाँच दिनसम्म जात्रा लाग्ने गरेको छ ।जात्राको पहिलो दिन लिङ्गो ठड्याउने, दोस्रो दिन मरजा खुवाउने, तेस्रो दिन सिन्दूर जात्रा, चौथो दिन विश्राम (आफन्तलाई भोज खुवाउने) र पाँचौँ दिन सिन्दूरजात्रा र देवता विसाउने र सोही दिन लिङ्गो ढाल्ने प्रचलन रहेको स्थानीय समाजसेवी इन्द्रमान महर्जनले जानकारी दिनुभयो ।रासस

## व्यापार मेलाबाट आत्मनिर्भर बन्न मद्दत पुग्छः उपराष्ट्रपति यादव

पाटन । उपराष्ट्रपति रामसहायप्रसाद यादवले महिला उद्यमी व्यापार मेलाबाट आत्मनिर्भर बन्न मद्दत पुग्ने बताउनुभएको छ।

महिला उद्यमीहरुको उत्पादनलाई बिक्री प्रवर्द्धन तथा बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यका साथ महिला उद्यमी महासङ्घ नेपालद्वारा ललितपुरको झम्सिखेलमा आयोजित ९औं अन्तरराष्ट्रिय महिला उद्यमी व्यापार मेलाको उद्घाटन गर्दै उपराष्ट्रपति यादवले महिला उद्यमीहरू आत्मनिर्भर, समावेशी र दीगो समाज निर्माणतर्फको प्रेरक शक्ति भएको बताउनुभयो ।

"महिला उद्यमशिलताले व्यक्तिगत आर्थिक सशक्तिकरण मात्र नभई सामाजिक रूपान्तरण र राष्ट्रिय विकासको सम्वाहक भूमिका निर्वाह गर्छ, महिलाले उद्यममार्फत आफ्नो क्षमता प्रदर्शन गर्दा परिवार, समाज र राष्ट्रको समग्र विकासमा योगदान पुग्छ, महिला उद्यमीहरूको उत्पादनले आयात प्रतिस्थापन गर्नुका साथै निर्यातलाई प्रोत्साहन गर्दछ, यसबाट रोजगारी सिर्जना गर्ने, स्थानीय स्रोतसाधनको सदुपयोग गर्ने र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा टेवा पुग्छ", उहाँले भन्नुभयो।

उपराष्ट्रपति यादवले व्यापार मेलाबाट जिल्लास्तरका महिला उद्यमीलाई प्रोत्साहन गर्न, उनीहरूको उत्पादनलाई बजारसम्म पुऱ्याउन र राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। उद्यमशिलताले महिलालाई आर्थिक गतिविधिमा सहभागी गराउँदा समाजलाई समावेशी बनाउने उल्लेख गर्दै उहाँले स्थानीय स्रोत र सीपमा आधारित उत्पादनले वातावरणमैत्री तथा दीगो विकासलाई प्रोत्साहन गर्ने बताउनुभयो। रासस

# सहकारी क्षेत्रलाई भरोसायोग्य बनाउन जरुरी छः मुख्यमन्त्री आचार्य




लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सहकारी क्षेत्रलाई भरोसायोग्य बनाउन जरुरी रहेको बताउनुभएको छ।

६९औं राष्ट्रिय सहकारी दिवसको अवसरमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले राप्ती उपत्यका (देउखुरी) मा शुक्रबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले नियत खराब राखेर सहकारी संस्था सञ्चालन गरेका केही सहकारीका कारण सहकारी क्षेत्र बदनाम भइरहेको बताउनुभयो । उहाँले त्यस्ता सहकारी संस्थालाई नियमन गर्ने काम भइरहेको स्पष्ट पार्नुभयो।

"गलत उद्देश्य बोकेर आएका सहकारीका कारण सहकारी क्षेत्र शङ्काको घेराभित्र पर्न गइरहेको छ। बाहिरबाट आएर पैसा कुम्ल्याएर गएका उदाहरणहरू छन्", मुख्यमन्त्री आचार्यले भन्नुभयो, "बुटवलमा सुप्रिम सहकारी संस्थामा आबद्ध भएका अहिले अलपत्र परिरहेको अवस्था छ। त्यहाँको पैसा कहाँ गयो ? कसले लग्यो । त्यो सञ्चालन गर्ने सञ्चालकहरू कति भरपर्दा थिए ? हामीले जाँच-पड्ताल गरेनौँ ।"मुख्यमन्त्री आचार्यले सहकारी संस्थाहरु सर्वसाधारण नागरिकको सारथी बनेकामा खुसी व्यक्त गर्नुभयो । "सर्वसाधारण जनताको सारथी सहकारी बनेको छ । साहु-महाजनको घरमा ऋणका लागि धाउनुपरेको छैन", उहाँले भन्नुभयो, "साना-तिना व्यवहारहरू सहकारीको माध्यमबाट समाधान भइरहेका छन्।"

प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले सहकारी संस्थाहरूको कामप्रति प्रोत्साहन र नियमन दुवै दृष्टिकोणबाट काम अघि बढाएको जानकारी दिनुभयो । सहकारी क्षेत्रलाई व्यवस्थित बनाउन प्रदेश र स्थानीय तहमा रहेका सहकारीहरूलाई ध्यानमा राखेर काम भइरहेको उहाँको भनाइ थियो ।प्रदेश सरकारका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले असल अभ्यासलाई सिकाइका रूपमा लिँदै समस्या नआओस् भन्नेतर्फ सचेत हुनुपर्ने बताउनुभयो। तीन तहका संरचना रहेको र एकीकृत रूपमा काम गर्ने परिपाटीको विकास गर्न जरुरी रहेको उहाँको धारणा थियो।

मन्त्रालयका प्रशासन तथा सहकारी विकास महाशाखाका उपसचिव मञ्जु पाण्डेले सहकारी क्षेत्रमा देखिएका समस्या समाधान हुँदै गइरहेका बताउनुभयो । प्रदेश मातहतमा ८४८ सहकारी संस्था रहेको र ती संस्थाहरूको अनुगमन तथा नियमनको पक्षलाई व्यवस्थित बनाइएको उहाँले स्पष्ट पार्नुभयो । आर्थिक वर्ष २०८१/८२ र चालु आर्थिक वर्ष २०८२/८३ को तुलना गर्दा चालु आर्थिक वर्षमा सहकारी संस्था परिचालनको काम प्रभावकारी बनेको उपसचिव पाण्डेले बताउनुभयो।

प्रदेशका बहुउद्देश्यीय, बचत तथा ऋण र उत्पादन गरी ३३ सहकारी संस्थाका समस्याबारे सहकारी रजिस्ट्रारको कार्यालयमा उजुरी प्राप्त भएका छन् । समस्या समाधानका लागि आठ सहकारीविरुद्ध अदालतमा मुद्दा दायर भई कारबाही अगाडि बढेको छ। दुवै पक्षलाई राखेर छलफल गरी बचत फिर्ताका लागि सात सहकारीसँग सम्झौता गराइएको छ भने १२ सहकारीलाई थप अनुसन्धान तथा कारबाहीका लागि प्रहरीमा पठाइएको छ ।तीन सहकारी संस्थाको अदालतबाट मुद्दा फैसला भई रकम असुलीको प्रक्रिया अगाडि बढेको छ भने तीन सहकारी संस्थाका सञ्चालक समितिको निवेदनपछि अध्ययन गरी प्रतिवेदन प्राप्त भएको सो अवसरमा जानकारी दिइयो ।रासस

# सरकारी र निजी अस्पतालमा १० प्रतिशत निःशुल्क शय्या




काठमाण्डु। सरकारले सरकारी र निजी अस्पतालमा १० प्रतिशत शय्या निःशुल्क गर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्ने निर्णय गरेपछि अस्पतालहरुले यो व्यवस्था कार्यान्वयन गर्न थालेका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले एक सूचनामार्फत स्वास्थ्य क्षेत्रसँग सम्बन्धित कार्यहरुको पछिल्लो प्रगति विवरण सार्वजनिक गर्दै ३२ अस्पताल (१९ निजी र १३ सरकारी) का १० प्रतिशत शय्यामा निःशुल्क उपचार प्रदान गरिएको जानकारी गराएको हो। सरकारले विपन्न, असहाय तथा बेवारिसे बिरामीले अस्पताल सेवामा पहुँच नपाउने, आर्थिक कारणले उपचारबाट वञ्चित अवस्थाको अन्त्य गर्न र निजी-सरकारी दुवै क्षेत्रमा सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्न सरकारी तथा निजी अस्पतालका कूल शय्यामध्ये कम्तीमा १० प्रतिशत निःशुल्क उपलब्ध गराउने व्यवस्था कडाइका साथ तत्काल कार्यान्वयन गर्ने निर्णय गरेको थियो।

चैत १३ मा मन्त्रिपरिषद्ले निर्णय गरे बमोजिम शासकीय सुधारको कार्यसूचीमा स्वास्थ्य क्षेत्रका सुधारमा विभिन्न ६ बुँदा समेटिएको थियो । जसअनुसार वीर अस्पताल, गङ्गालाल हृदय केन्द्र, कान्ति बाल अस्पताल लगायतका अस्पतालहरूमा सेवाको गुणस्तर सुधारका लागि अनुगमन गरी आवश्यक सुधारका लागि पृष्ठपोषण गरिएको मन्त्रालयले जनाएको छ ।साथै, अस्पताल सेवा सुधार निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार गरिएको छ। सुदूरपश्चिम प्रदेशको टीकापुर, महाकाली र सेती प्रादेशिक अस्पतालका साथै मधेस प्रदेशको कलैया अस्पतालमा जलन वार्ड स्थापना तथा सेवा सञ्चालनको तयारी सुरु गरिएको छ। साथै, मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरमा अवरुद्ध रहेको जलन उपचार सेवा पुनःसञ्चालन गरिएको स्वास्थ्य मन्त्रालयले जानकारी गराएको छ।

सुदूरपश्चिम, मध्य तथा पूर्वी नेपालका पहाडी क्षेत्रमा आपतकालीन स्वास्थ्य सेवाका लागि एयर एम्बुलेन्स तयारी अवस्थामा राख्ने सम्बन्धमा आवश्यक व्यवस्था हाल कार्यान्वयनमा रहेको छ।

दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीका लागि हवाई उद्धारसम्बन्धी कार्यविधिमा आवश्यक संशोधन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग परामर्श तथा समन्वय गरिएको छ ।यसैगरी स्वास्थ्य क्षेत्रका गुनासोहरू सङ्कलन गर्न क्यूआर कोड र छुट्टै इमेलको व्यवस्था गरिएको छ । साथै, एकीकृत प्रणालीमार्फत गुनासो सम्बोधन कार्य सुरु गरिएको मन्त्रालयले जनाएको छ। रासस

# नयाँ शैक्षिकसत्र सुरु भएपछि मात्र भर्ना लिन सर्वोच्चको आदेश

काठमाण्डु । सर्वोच्च अदालतले शैक्षिकसत्र सुरु भएपछि मात्रै विद्यालयहरुमा नयाँ भर्ना लिन अन्तरिम आदेश दिएको छ।

विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिक सत्र सुरु नभएको तथा शिक्षा नियमावली, २०५९ को नियम ७८ (१) (ग) बमोजिम लब्धाङ्कपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न आदेश दिइएको हो। न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले शिक्षा नियमावली, २०५९ अनुसार शैक्षिक सुरु भएपछि विद्यार्थी भर्ना प्रक्रिया सञ्चालन गर्नुपर्ने आदेश दिएको हो। हरेक वर्ष वैशाख २ गतेदखि नयाँ शैक्षिक सत्र सुरु हुन्छ।

आदेशमा परीक्षा नतिजा, शैक्षिक सत्र र आवश्यक प्रमाणपत्रबीच समन्वय कायम गर्नुपर्ने उल्लेख गरिएको छ । अदालतले सम्बन्धित निकायलाई प्रचलित कानुनअनुसार कार्य गर्न निर्देशन दिँदै विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश दिएको छ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा यही चैत ५ गते प्रकाशित सूचनामा वार्षिक परीक्षा सम्पन्न गरी नतिजा प्रकाशन पश्चात नयाँ शैक्षिक सत्र २०८३ सुरु भएपछि मात्रै भर्ना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइएको थियो। तर, उक्त निर्देशनविपरीत हालै विभिन्न छापा तथा विद्युतीय सञ्चार माध्यममार्फत विद्यार्थी भर्नाका सूचना प्रकाशित भएको पाइएको अदालतको आदेशमा उल्लेख छ ।रासस

# गरिबी उन्मूलनका लागि सहकारी उत्थान आवश्यक : मुख्यमन्त्री बानियाँ

चितवन । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले गरिबी उन्मूलनका लागि सहकारीको उत्थान आवश्यक रहेको बताएका छन् । ६९औं सहकारी दिवस समारोहलाई शुक्रबार सम्बोधन गर्दै मुख्यमन्त्री बानियाले सहकारीले समाजमा रहेका दुःखी, गरिबको सहारा बनेर काम गरेको र अझै गर्नुपर्ने बताए।

उनले भने, "सहकारी बलियो बन्यो भनेमात्र देशको अर्थतन्त्र बलियो बन्दै दुःखी गरिबको साहारा बन्ने छ।" जिल्ला सहकारी सङ्घले आयोजना गरेको सो कार्यक्रममा उनले आगामी दिनमा सहकारीलाई प्रभावकारी बनाउँदै जनताप्रति उत्तरदायी बनाउन आवश्यक रहेको बताए । नेपालमा



पहिलोपटक सहकारी स्थापना गरी देशको समृद्धिको यात्रा सुरु गरेको चितवनले अझै यसलाई बलियो बनाउन आवश्यक रहेको उनको भनाइ थियो।

कार्यक्रममा बागमती प्रदेशकी सहकारी तथा गरिबी निवारणमन्त्री बिनु रायमाझी पौडेलले सहकारी बलियो भयो भनेमात्र देशको समृद्धि हुने बताए । समाजको विकासका लागि सहकारी आवश्यक छ। चितवनलाई सहकारीको उद्गम थलोका रूपमा विकास गर्दै अझै सशक्त बनाउन आवश्यक रहेको उनले बताए।

भरतपुर महानगरपालिकाका कार्यवाहक नगरप्रमुख चित्रसेन अधिकारीलेसमाजकोआर्थिकमेरुदण्डका रूपमा सहकारी अघि बढेको बताए । बखानसिंह गुरुङको सोच अहिले देशभरि फैलिएको भन्दै यसलाई प्रभावकारी बनाउन आवश्यक रहेको उहाँको भनाइ थियो। सहकारी सङ्घ चितवनका अध्यक्ष शरदकुमार बर्तौलाले सहकारी संस्थाहरू कमजोर बन्न नदिनका लागि तीनै तहका सरकारहरू एक भएर लाग्न आवश्यक रहेको बताए। चितवनलाई सहकारीको जननिका रूपमा लिइँदै आइएको छ। कार्यक्रमअघि दिवसका अवसरमा प्रभातफेरी पनि गरिएको थियो।

# मानव फेरि चन्द्रतर्फ, नयाँ इतिहास सुरु





एपी

केप क्यानाभेरल । करिब पाँच दशकपछि मानवयुक्त अन्तरिक्ष यात्रा पृथ्वीको कक्षाभन्दा बाहिर निस्कँदै चन्द्रमातर्फ अग्रसर भएको छ । नासाको आर्टेमिस द्वितीय मिसनअन्तर्गतका अन्तरिक्ष यात्रीहरूले एक दिन पृथ्वी वरिपरि परिक्रमा गरेपछि इन्जिन प्रज्वलन गर्दै चन्द्र यात्राको ऐतिहासिक चरण सुरु गरेका छन् ।

लिफ्टअफ भएको झण्डै २५ घण्टापछि गरिएको 'ट्रान्सलुनर इग्निसन' सफलतापूर्वक सम्पन्न भएसँगै तीन अमेरिकी र एक क्यानाडाली अन्तरिक्ष यात्री बोकेको ओरियन क्याप्सुल पृथ्वीको कक्षाबाट बाहिर निस्केर करिब दुई लाख ५० हजार माइल (चार लाख किलोमिटर) टाढा रहेको चन्द्रमातर्फ अग्रसर भएको छ । नासाका अधिकारी लोरी ग्लेजले सन् १९७२ मा अपोलो १७ पछि पहिलो पटक मानिसहरूले पृथ्वीको कक्षा छोडेको घोषणा गर्नुभयो ।

इन्जिन प्रज्वलन पूर्ण रूपमा सफलतापूर्वक सम्पन्न भएको जनाउँदै क्यानाडाली अन्तरिक्ष यात्री जेरेमी ह्यानसेनले पृथ्वीबाट टाढिँदै गर्दा देखिएको दृश्यलाई 'अभूतपूर्व' बताउनुभयो । उहाँका अनुसार चालक दलका सदस्यहरू झ्यालमै टाँसिएर पृथ्वीलाई टाढिँदै गरेको हेर्दा भावुक बनेका थिए ।नासाले सुरक्षाको दृष्टिले चन्द्र यात्राअघि एक दिन पृथ्वी नजिकै राखेर क्याप्सुलको जीवन-समर्थन प्रणाली परीक्षण गरेको थियो । त्यसपछि मात्र चन्द्रतर्फको पूर्ण यात्रा अनुमति दिइएको हो । यो परीक्षणलाई उडान नासाको दीर्घकालीन चन्द्र योजना–स्थायी आधार स्थापना र भविष्यमा निरन्तर मानव उपस्थिति–का लागि महत्त्वपूर्ण आधार मानिएको छ ।

कमान्डर रिड वाइजम्यान, पाइलट भिक्टर ग्लोभर, क्रिस्टिना कोच र ह्यानसेनले चन्द्रमाको नजिक पुगेर त्यसभन्दा पारि घुमेर पुनः पृथ्वी फर्कने योजना बनाइएको छ । यस क्रममा उहाँहरूले सन् १९७० को अपोलो १३ ले बनाएको दूरीको कीर्तिमान तोड्ने अपेक्षा गरिएको छ । साथै, अप्रिल १० मा पृथ्वीमा फर्किंदा सबैभन्दा तीव्र गतिमा पुनः प्रवेश गर्ने सम्भावना पनि छ ।यो मिसनले इतिहासमा नयाँ आयाम थपिसकेको छ । ग्लोभर, कोच र ह्यानसेन क्रमशः पहिलो अश्वेत, पहिलो महिला र पहिलो गैर-अमेरिकी अन्तरिक्ष यात्रीका रूपमा चन्द्र यात्रामा सहभागी हुनुभएको हो । यसअघि अपोलो कार्यक्रमअन्तर्गत चन्द्रमा पुगेका २४ जना सबै श्वेत पुरुष थिए ।ग्लोभरले पृथ्वीलाई अन्तरिक्षबाट हेर्दा सम्पूर्ण मानवता एउटै देखिने उल्लेख गर्दै मानव एकताको सन्देश दिनुभयो । "हामी सबै एउटै प्रजाति हौँ", उहाँले भन्नुभयो ।

मिसनको महत्त्वपूर्ण क्षणअघि अन्तरिक्ष यात्रीहरूलाई उत्साहित बनाउन सङ्गीतमार्फत जगाइएको थियो । त्यसपछि अन्तिम अनुमति दिँदै उहाँहरूलाई ' मानवताको चन्द्र फर्कने यात्रा' को हिस्सा भएको बताइएको थियो । क्याप्सुलले पृथ्वी र चन्द्रमाको गुरुत्वाकर्षण प्रयोग गर्दै 'फ्रि-रिटर्न' मार्गमा यात्रा गरिरहेको छ, जसमा इन्जिनले २४ हजार माइल प्रतिघण्टाभन्दा बढी गति दिएको छ ।कमान्डर वाइजम्यानले यो यात्रा असाधारण र चुनौतीपूर्ण भएको उल्लेख गर्दै यसको गम्भीरता अहिले मात्र महसुस भइरहेको बताउनुभयो । उडान निर्देशक जुड फ्रिलिङ्ले पनि यसलाई जीवनमा एकपटक मात्र आउने अवसरका रूपमा व्याख्या गर्नुभयो ।

अर्को महत्त्वपूर्ण चरण सोमबार चन्द्रमाको नजिक पुग्दा हुनेछ । ओरियन क्याप्सुल चन्द्रमाबाट करिब चार हजार माइल (छ हजार चार सय किलोमिटर) नजिक पुगेर त्यसको टाढाको भागको दुर्लभ दृश्य अवलोकन गर्नेछ । साथै, अन्तरिक्ष यात्रीहरूले पूर्ण सूर्यग्रहणसमेत देख्न पाउनुहुनेछ ।यसअघि पृथ्वीको कक्षामा रहँदा उहाँहरूले महादेशहरू, समुद्री किनार र दक्षिण ध्रुवसम्मको दृश्य स्पष्ट रूपमा अवलोकन गर्नुभएको थियो । कोचले ती दृश्यहरूलाई अत्यन्त प्रभावशाली बताउनुभयो ।नासाले यो मिसनलाई सन् २०२८ मा मानवलाई चन्द्रमामा अवतरण गराउने दीर्घ योजनाअन्तर्गत महत्त्वपूर्ण परीक्षणका रूपमा लिएको छ। यद्यपि, उडानका क्रममा केही प्राविधिक चुनौतीहरू पनि देखिएका छन् ।

ओरियन क्याप्सुलको शौचालयमा समस्या देखिएपछि अन्तरिक्ष यात्रीहरूले वैकल्पिक उपाय अपनाउनुभएको थियो । साथै, पानी आपूर्ति प्रणालीमा सम्भावित समस्या समाधान गर्न पिसाब भण्डारण झोलाहरूलाई पानी भण्डारणका रूपमा प्रयोग गरिएको छ ।

अन्तरिक्ष यात्रीहरूले चन्द्रमातर्फको यात्राअघि सात लिटरभन्दा बढी पानी सुरक्षित राख्न सफल हुनुभएको छ ।यी साना चुनौतीबीच पनि आर्टेमिस द्वितीयले मानव अन्तरिक्ष यात्राको नयाँ अध्याय सुरु गरेको छ, जसले चन्द्रमामा पुनः मानव उपस्थिति मात्र नभइ, भविष्यका गहिरा अन्तरिक्ष अभियानका लागि पनि मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ ।

# म्यान्मामा सैनिक शासनको निरन्तरता



एएफपी

नेपिडो । म्यान्मामा पाँच वर्षअघि बल प्रयोगमार्फत सत्ता कब्जा गरेको सैन्य नेतृत्वले अब नागरिक आवरणमा शासनलाई निरन्तरता दिन खोजेको सङ्केत देखिएको छ । शुक्रबार संसद्द्वारा जुन्ता प्रमुख मिन आङ ह्लाइङलाई राष्ट्रपतिमा निर्वाचित गरिनु त्यसैको पछिल्लो कदमका रूपमा हेरिएको छ ।

एएफपीका पत्रकारहरूले सङ्कलन गरेको मतगणनाको तथ्याङ्कअनुसार उहाँले सांसदहरूबाट प्राप्त ५८४ मतमध्ये कम्तीमा २९३ मत हासिल गर्दै स्पष्ट बहुमत पार गर्नुभएको हो । उक्त मतदानमा सैन्य पक्षधर सांसदहरूको प्रभाव प्रमुख रूपमा देखिएको थियो ।मिन आङ ह्लाइङले सन् २०२१ मा प्रजातान्त्रिक प्रणालीलाई अन्त्य गर्दै निर्वाचित नेतृ आङ सान सुकीलाई हिरासतमा लिनुका साथै उहाँको पार्टी विघटन गर्नुभएको थियो । त्यसयता उहाँकै नेतृत्वमा रहेको सैन्य प्रशासनले देश सञ्चालन गर्दै आएको छ ।जुन्ताले गत महिना संसद् पुनःस्थापना गर्नु जनतामा सत्ता फिर्ताको सङ्केत भएको दाबी गरे पनि विश्लेषकहरूले यसलाई सैन्य शासनलाई वैधता दिन खोजिएको बाह्य आवरणका रूपमा व्याख्या गरेका छन् ।

यसैबीच, जनवरीको अन्त्यमा सम्पन्न निर्वाचनमा सेना समर्थित युनियन सोलिडेरिटी एन्ड डेभलपमेन्ट पार्टीले ८० प्रतिशतभन्दा बढी संसदीय सिट जितेको थियो । साथै, संविधानअनुसार सशस्त्र सेनाका सेवारत सदस्यहरूले कुल सिटको एक चौथाइ हिस्सा स्वतः ओगटेका छन् ।

# पाकिस्तानको आर्थिक वृद्धि दरमा सुधार

सिन्ह्वा

इस्लामाबाद । पाकिस्तानको अर्थतन्त्र चालु आर्थिक वर्ष (सन् २०२५-२६) को दोस्रो त्रैमासमा ३.८९ प्रतिशतले वृद्धि भएको छ । यो वृद्धि मुख्य रूपमा औद्योगिक क्षेत्रको सशक्त प्रदर्शनका कारण भएको सरकारी तथ्याङ्कले जनाएको छ ।

पाकिस्तान तथ्याङ्क विभागका अनुसार औद्योगिक क्षेत्र ७.४० प्रतिशतले वृद्धि भई अर्थतन्त्रको प्रमुख चालक बनेको छ । सेवा क्षेत्र ३.६९ प्रतिशत र कृषि क्षेत्र १.७६ प्रतिशतले वृद्धि भएको छ ।यो तथ्याङ्क राष्ट्रिय लेखा समितिको ११६औँ बैठकबाट संशोधन गरिएको हो । पहिलो त्रैमासमा कृषि क्षेत्रको वृद्धि २.७२ प्रतिशत र औद्योगिक क्षेत्रको वृद्धि ८.८६ प्रतिशत कायम गरिएको छ । सेवा क्षेत्र भने केही सुधार भई २.४४ प्रतिशत पुगेको छ ।वार्षिक आधारमा हेर्दा, आर्थिक वर्ष (सन् २०२३-२४) को कुल गार्हस्थ उत्पादन वृद्धि दर २.६३ प्रतिशतबाट घटाएर २.६२ प्रतिशत गरिएको छ भने आर्थिक वर्ष (२०२४-२५) को वृद्धि दर ३.०९ प्रतिशतबाट घटाएर ३.०६ प्रतिशत कायम गरिएको छ ।

दोस्रो त्रैमासमा प्रमुख बाली उत्पादनमा केही गिरावट आए



अनुमोदन गरिएको हो । उक्त समितिले पहिलेका तथ्यांकहरूमा पनि केही संशोधन गरेको छ ।

पहिलो त्रैमासको आर्थिक वृद्धि दर ३.७१ प्रतिशतबाट घटाएर ३.६३ प्रतिशत कायम गरिएको छ । कृषि र औद्योगिक क्षेत्रको तथ्यांक घटाइएका कारण यस्तो पनि पशुपालन तथा सम्बन्धित क्षेत्रहरूमा सुधार देखिएकोले कृषि क्षेत्रमा सामान्य वृद्धि कायम भएको छ ।औद्योगिक क्षेत्रको वृद्धि ठूलो मात्रामा उत्पादन उद्योग, निर्माण कार्य तथा विद्युत् र उपयोगिता सेवाहरूको विस्तारबाट सम्भव भएको हो ।

# अमेरिकी सेना प्रमुख जर्जलाई पदत्याग गर्न हेग्सेथको आग्रह



एएफपी

वासिङ्टन ।संयुक्त राज्य अमेरिकाका रक्षामन्त्री पिट हेग्सेथले अमेरिकी सेनाका प्रमुख (चिफ अफ स्टाफ) जनरल र्‍यान्डी जर्जलाई पदबाट हट्न आग्रह गर्नुभएको छ । एक अधिकारीका अनुसार उहाँलाई तत्काल अवकास लिन भनिएको हो ।

नाम नखुलाउने सर्तमा बोल्दै ती अधिकारीले अमेरिकी सञ्चारमाध्यमसिबिएसकोसमाचारलाई पुष्टि गरेका हुन् । जर्जलाई हटाउनुको कारण भने तत्काल सार्वजनिक गरिएको छैन । तर सिबिएसले एक स्रोतलाई उद्धृत गर्दै हेग्सेथले आफ्नो तथा राष्ट्रपति डोनाल्ड ट्रम्पको सैनिक नीति र दृष्टिकोण कार्यान्वयन गर्न सक्ने नेतृत्व चाहेको उल्लेख गरेको छ ।पेन्टागनका प्रवक्ता सीन पार्नेलले सामाजिक सञ्जालमार्फत जारी गरेको वक्तव्यमा जनरल जर्जले 'तत्काल लागू हुने गरी' आफ्नो पदबाट अवकास लिने बताउनुभए पनि कारण खुलाइएको छैन ।

ट्रम्पको दोस्रो कार्यकालमा हटाइएका वरिष्ठ सैन्य अधिकारीमध्ये जर्ज पछिल्लो व्यक्ति हुनुहुन्छ ।

उहाँको पदत्याग अमेरिकाले इरानसँगको जारी द्वन्द्वका बीचमा भएको हो, जुन केही हप्तासम्म जारी रहने सङ्केत देखिएको छ । करिब चार दशक लामो सैन्य सेवामा जर्जले इराक र अफगानिस्तानमा पटक-पटक जिम्मेवारी सम्हाल्नुभएको थियो । उहाँले यसअघि सेना उपप्रमुख तथा पूर्वराष्ट्रपति जो बाइडेनको कार्यकालमा रक्षामन्त्री लोयड अस्टिनका वरिष्ठ सैन्य सहयोगीको रूपमा पनि काम गर्नुभएको थियो । यसैबीच, द वासिङ्टन पोस्ट र सिबिएसका अनुसार जनरल डेभिड होडने र मेजर जनरल विलियम ग्रिन जुनियरलाई पनि पदबाट हटाइएको छ । होडनेले सेनाको ट्रान्सफर्मेसन एन्ड ट्रेनिङ कमान्डको नेतृत्व गरिरहनुभएको थियो भने ग्रिन सेना च्याप्लेन कोरका प्रमुख हुनुहुन्थ्यो ।यसअघि पनि ट्रम्प प्रशासनले संयुक्त प्रमुख स्टाफका अध्यक्ष जनरल चार्ल्स 'सीक्यू' ब्राउनसहित थुप्रै उच्च सैन्य अधिकारीहरूलाई पदमुक्त गरेको थियो । साथै नौसेना, तटरक्षक, राष्ट्रिय सुरक्षा एजेन्सी, वायुसेना तथा नाटोसँग सम्बन्धित विभिन्न उच्च तहका अधिकारीहरू समेत हटाइएका छन् ।

रक्षामन्त्री हेग्सेथले राष्ट्रपति ट्रम्पले आफूले चाहेको नेतृत्व चयन गरिरहनुभएको जनाउनुभएको छ । तर डेमोक्रेटिक सांसदहरूले भने अमेरिकी सेनाको परम्परागत तटस्थतामाथि राजनीतिक प्रभाव बढ्ने चिन्ता व्यक्त गरेका छन् ।यसअघि पेन्टागनले सक्रिय सेवामा रहेका चार-तारे जनरल तथा एडमिरलको सङ्ख्या कम्तीमा २० प्रतिशतले घटाउने तथा समग्र जनरल र फ्ल्याग अफिसरहरूको सङ्ख्या १० प्रतिशतले कटौती गर्ने निर्णयसमेत गरेको थियो ।

# चोरीपछि सुनौलो हेलमेट फिर्ता



एपी

एसेन । गत वर्ष नेदरल्यान्ड्सको एक सङ्ग्रहालयबाट चोरी भएको रोमानियाको दुई हजार ५०० वर्ष पुरानो अमूल्य सुनौलो हेलमेट अन्ततः बरामद भएको छ, जसले लामो समयदेखि रहँदै आएको अनिश्चितता अन्त्य गरेको छ । डच अधिकारीहरूले बिहीबार उक्त ऐतिहासिक वस्तु सुरक्षित रूपमा फिर्ता ल्याइएको जानकारी दिएका छन् ।

पूर्वी डच सहर एसेनमा आयोजित पत्रकार सम्मेलनमा कडा सुरक्षाबीच अभियोजकहरूले डेसिया सभ्यतासँग सम्बन्धित कोटोफेनेस्टी हेलमेट सार्वजनिक गरेका हुन् । अभियोजन सेवाकी कोरिएन फाहनरले हेलमेट फिर्ता हुनु अत्यन्तै सुखद उपलब्धि भएको उल्लेख गर्दै यो प्रक्रिया निकै उतारचढावपूर्ण रहेको बताउनुभयो ।उक्त हेलमेट जनवरी २०२५ मा ड्रेन्ट्स सङ्ग्रहालयमा आयोजना गरिएको छ महिनाको प्रदर्शनीको अन्तिम सप्ताहन्तमा चोरी भएको थियो । चोरहरूले तीनवटा सुनौलो हातमा लगाउने गहना (आर्मब्यान्ड) सहित सङ्ग्रहालयमा प्रवेश गरी हेलमेट लुटेका थिए । घटनापछि यसको ऐतिहासिक महत्त्व र विशिष्ट बनावटका कारण बेच्न कठिन हुने भएकाले पगालिएको हुन सक्ने आशङ्का गरिएको थियो ।

चोरीसँग सम्बन्धित आरोपमा पक्राउ परेका तीन जनासँग अभियोजकहरूले गरेको सम्झौताअन्तर्गत हराइरहेका तीनमध्ये दुई आर्मब्यान्ड पनि बरामद भएका छन् । ती अभियुक्तहरूको मुद्दा यसै अप्रिलमा सुरु हुने जनाइएको छ । बाँकी एक आर्मब्यान्डको खोजी भने अझै जारी रहेको अधिकारीहरूले बताएका छन् ।

बरामद गरिएको हेलमेट पूर्ण रूपमा अक्षुण्ण अवस्थामा भने छैन । ड्रेन्ट्स सङ्ग्रहालयका निर्देशक रोबर्ट भ्यान ल्याङका अनुसार यसमा केही सामान्य दाग देखिए पनि स्थायी क्षति भने नभएको स्पष्ट पार्नुभयो । आर्मब्यान्डहरू भने राम्रो अवस्थामा फेला परेका छन् ।

अनुसन्धानका क्रममा सार्वजनिक गरिएको सुरक्षा भिडियोमा चोरहरूले घरमै बनाइएको विस्फोटक र स्लेजह्यामर प्रयोग गरी सङ्ग्रहालयको ढोका फुटाएर प्रवेश गरेको देखिन्छ । त्यसपछि उनीहरूले लक्षित वस्तुहरू लिएर फरार भएका थिए । यो घटनाले नेदरल्यान्ड्स र रोमानियाबीच कूटनीतिक तनावसमेत सिर्जना गरेको थियो । रोमानियाका न्याय मन्त्री राडु मरिन्स्कुले यसलाई 'राज्यविरुद्धको अपराध' भन्दै चोरी गरिएका सम्पदा फिर्ता ल्याउने कार्यलाई उच्च प्राथमिकतामा राखिएको बताउनुभएको थियो ।अब हेलमेट फिर्ता भएसँगै दुवै देशका लागि महत्त्वपूर्ण सांस्कृतिक सम्पदा पुनः सुरक्षित भएको छ, यद्यपि यसको पूर्ण पुनःस्थापना र बाँकी वस्तुको खोजी कार्य अझै जारी रहनेछ ।

# इरानद्वारा इजरायलमा नयाँ क्षेप्यास्त्र प्रहार

एएफपी

जेरुसेलम । मध्यपूर्वमा जारी द्वन्द्व थप उग्र बन्दै जाँदा इजरायलमाथि इरानबाट नयाँ क्षेप्यास्त्र आक्रमण भएको छ, जसले क्षेत्रीय मात्रै नभइ, विश्वव्यापी असर गहिरिँदै गएको सङ्केत दिएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध अझ कडा सैन्य कारबाहीको चेतावनी दिनुभएको केही घण्टामै यस्तो आक्रमण भएको हो ।इजरायली सेनाका अनुसार शुक्रबार इरानबाट प्रहार गरिएका मिसाइलहरूलाई हवाई प्रतिरक्षा प्रणालीले अवरोध गर्ने प्रयास गरेको थियो । तत्काल ठूलो मानवीय क्षतिको विवरण नआए पनि आपतकालीन सेवाहरूले घर र सवार ासाधनमा क्षति पुगेको पुष्टि गरेका छन् । तेल अभिवस्थित रेल स्टेशन क्षेत्रमा पनि छर्राहरूले असर पारेको जनाइएको छ ।

करिब एक महिनाअघि अमेरिका र इजरायलले इरानभित्र आक्रमण सुरु गरेपछि सुरु भएको यो युद्धले अहिले व्यापक प्रतिशोधको चक्र सिर्जना गरेको छ । द्वन्द्वले मध्यपूर्वभर फैलिँदै विश्व अर्थतन्त्रमा समेत गम्भीर प्रभाव पारिरहेको छ । विशेषगरी होर्मुज जलडमरूमध्य इरानले प्रभावकारी रूपमा अवरुद्ध गरेपछि ऊर्जा बजारमा ठूलो दबाब परेको छ । होर्मुज जलडमरूमध्यबाट विश्वको झन्डै पाँचौँ भाग तेल र ग्यास आपूर्ति हुन्छ । ट्रम्पले इरानलाई 'पाषाण युगमा फर्काउने' चेतावनी दिँदै वार्तामा सहमति नभए थप आक्रमण तीव्र बनाइने बताउनुभएको थियो । उहाँले सामाजिक सञ्जालमार्फत 'अझ बाँकी रहेको संरचना नष्ट गर्न सुरु पनि गरिएको छैन' भन्दै पुल र विद्युत् पूर्वाधार लक्षित हुनसक्ने सङ्केत दिनुभयो । यसको प्रत्युत्तरमा इरानका विदेशमन्त्री अब्बास अराघचीले नागरिक पूर्वाधारमाथि आक्रमणले आत्मसमर्पण गराउन नसक्ने स्पष्ट पार्नुभयो ।

दुवै पक्षले अब सैन्य मात्र नभई आर्थिक र औद्योगिक संरचनालाई लक्षित गर्न थालेपछि विश्वव्यापी ऊर्जा आपूर्ति र आपूर्ति शृङ्खलामा गम्भीर अवरोधको चिन्ता बढेको छ ।यसबीच, खाडी क्षेत्र पनि प्रत्यक्ष द्वन्द्वको घेरामा तानिएको छ । कुवेतको राष्ट्रिय तेल कम्पनीअन्तर्गतको रिफाइनरीमा ड्रोन आक्रमण हुँदा आगलागी भएको छ भने संयुक्त अरब इमिरेट्सले मिसाइल र ड्रोन आक्रमणहरू विफल पारेको जनाएको छ । इरानले अघिल्लो दिन युएई, बहराइन र इजरायलका औद्योगिक लक्ष्यहरूमा आक्रमण गरेको दाबी गरेको छ ।

इरानभित्र निरन्तर बमबारी भइरहे पनि तेहरानका केही स्थानमा सर्वसाधारणको दैनिक जीवन आंशिक रूपमा जारी देखिएको छ । मेलाट पार्कमा परिवारहरू भेला भइरहेका छन् भने सुरक्षा चौकीहरू उल्लेख्य रूपमा बढाइएको एक स्थानीयले बताएका छन् । "सत्ता अझै उनीहरूकै हातमा छ भन्ने देखाउन मानिसहरू सडकमा देखिन्छन्", उनले नाम नखुलाउने सर्तमा बताए ।इजरायलमा पनि धार्मिक पर्व निस्तारपर्व चलिरहे पनि केही नागरिकले भूमिगत बङ्करमै उत्सव मनाउन बाध्य भएका छन् । तेल अभिवमा बङ्करभित्र बसेर पर्व मनाइरहेका एक लेखकले यो अवस्था आफ्नो रोजाइ नभएको बताए ।



युद्धको असर विश्वभर फैलिएको छ । ट्रम्पको चेतावनीपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य प्रति ब्यारेल ११० डलरसम्म पुगेको छ । विश्लेषकहरूका अनुसार अमेरिकी प्रशासनले युद्ध अन्त्यबारे स्पष्ट रणनीति नदिँदा अनिश्चितता बढेको छ । डोइच बैंकका जिम रिडले अमेरिका तत्काल द्वन्द्वबाट बाहिरिने सङ्केत नदेखिएको टिप्पणी गर्नुभयो ।विश्व बैंकले यस अवस्थाले मुद्रास्फीति, रोजगारी र खाद्य सुरक्षामा गम्भीर जोखिम निम्त्याउने चेतावनी दिएको छ । चीनका एयरलाइन्सहरूले इन्धन अधिभार बढाएका छन्, मलेसियाले सरकारी कर्मचारीलाई घरबाट काम गर्न निर्देशन दिएको छ भने पाकिस्तानले इन्धन मूल्य बढाएको छ । भुटानमा समेत इन्धन अभावका कारण राजधानी थिम्पूमा लामो लाइन देखिएको छ ।

इजिप्टले ऊर्जा खर्च नियन्त्रण गर्न पसल र रेस्टुरेन्टहरू छिटो बन्द गर्न आदेश दिएको छ । यसैबीच, ट्रम्पले इरानको नयाँ नेतृत्व वार्तामा लचिलो हुन सक्ने सङ्केत दिनुभएको छ, तर तेहरानले अमेरिकी प्रस्तावलाई अस्वीकार गर्दै 'अतिवादी र अव्यावहारिक' भनेको छ ।कूटनीतिक तहमा पनि तनाव कायम छ । होर्मुज जलडमरूमध्य खुलाउने विषयमा बेलायतले करिब ४० देशलाई एकजुट गराएको छ ।

इटालीले आवश्यक वस्तु ढुवानीका लागि मानवीय मार्ग खोल्न आग्रह गरेको छ ।संयुक्त राष्ट्र सुरक्षा परिषदमा जलमार्ग सुरक्षाका लागि सैन्य बल प्रयोगबारे मतदान शुक्रबारका लागि तय गरिएको थियो, तर 'गुड फ्राइडे' सार्वजनिक बिदाका कारण अन्तिम समयमा स्थगित गरिएको छ । नयाँ मिति भने घोषणा गरिएको छैन ।

# पाकिस्तानमा भएको विस्फोटमा पाँच जनाको मृत्यु : प्रहरी

एएफपी

पेशावर । उत्तर पश्चिमी पाकिस्तानमा विस्फोटक पदार्थले भरिएको गाडीमा आत्मघाती बम विस्फोट हुँदा तीन जना महिला र दुई बालबालिकाको ज्यान गएको स्थानीय अधिकारीहरूले बताएका छन् ।प्रहरी चौकीलाई निशाना बनाएर भएको आक्रमण पाकिस्तानको खैबर पख्तुनख्वा प्रान्तको बन्नु जिल्लामा भएको स्थानीय प्रहरी अधिकारी मुहम्मद सज्जाद खानलाई उद्धृत गर्दै शुक्रबार एएफपीले जनाएको छ ।प्रहरीका अनुसार आक्रमणमा अन्य चार जना घाइते भएका छन् भने अहिले सम्म कुनै पनि समूहले आक्रमणको जिम्मेवारी लिएको छैन ।

सन् २०२१ मा काबुलमा तालिबान सत्तामा फर्किए पछि पाकिस्तानमा आक्रमणको दर बढेको छ भने आतङ्कवादी समूह तेहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) ले नियमित रूपमा यस क्षेत्रका सुरक्षा फौजलाई लक्षित गर्दै आएको छ ।इस्लामाबादले छिमेकी अफगानिस्तानलाई आफ्नो भूमिमा शरण लिइरहेका आतङ्ककारीहरूलाई नियन्त्रणमा नलिएको आरोप लगाएको छ ।

## राजमार्गका दशवटा अलपत्र ठेक्का तोडिए

जुम्ला। कर्णाली राजमार्ग सडकखण्डका वर्षौंदेखि अलपत्र अवस्थामा रहेको दशवटा रुग्ण ठेक्का एकैपटक सडक डिभिजन कार्यालयले तोड्ने प्रक्रिया सुरु गरेको छ।कार्यालयले सार्वजनिक सूचना प्रकाशित गर्दै सडक कार्यालयले ठेक्का सम्झौता गरेर पनि समयमा काम सम्पन्न नगर्ने ६ वटा निर्माण कम्पनीको ठेक्का अन्त्य गरिएको सम्बन्धी १५ दिने सार्वजनिक सूचना निकालिएको जिम्ला सडक डिभिजन कार्यालयका सूचना अधिकारी सौरभकुमार सिंहले जानकारी दिनुभयो।

कार्यालयले कर्णाली राजमार्गअन्तर्गतका कालीकोट जिल्लाको दहीखोला मान्म-नाग्म जुम्ला खण्डमा शाखा सडकमा सडक सुरक्षा कार्यहरू व्यवस्थापन र जुम्लाको कुडारीदेखि कालीकोटसम्म सडकको कल्भर्ट निर्माण र संरक्षण कार्यहरूसहित विशिष्ट मर्मतकार्य गर्नका लागि आव २०७८/७९ धुर्वा निर्माण सेवा सुर्खेतसँग सम्झौता भई उल्लेखित मितिमा निर्माण सम्पन्न गर्नुपर्नेमा सो हुन नसकी पटकपटक म्याद थप गरिएको र थपिएको म्याद पनि समाप्त भइसकेकाले ठेक्का तोडिएको सूचना अधिकारी सिंहको भनाइ छ। त्यसैगरी, कर्णाली राजमार्ग सडकखण्डअन्तर्गतको कालीकोटको बालीघाट नजिकै विशेष मर्मतकार्य र खुल्लालेदेखि घोडेङ्गासम्म आवधिक मर्मतसम्भार कार्य आव २०७९/८० मा कृष्ण निर्माण सेवासँग सम्झौता भए पनि तोकिएको समयमै निर्माण कम्पनीले काम गर्ने नसकेकाले ठेक्का तोकिएको छ।

आव २०७९/८० मा अविनास निर्माण सेवासँग नाग्म-गमगडी सडकखण्डको मुगुको ताल्चादेखि रारासम्म सडकको विशिष्ट मर्मतकार्यको सम्झौता भएको थियो। सडक सुधारको काम तुमदेखि लामाचौर सडक राराको प्रतक्की मार्ग च्यनाथ रारा संरचना फराकिलो र फुटपाथको काम विनाम्रा निर्माण सेवा सुर्खेतसँग आव २०८०/८१ मा भएको सम्झौताअनुसार काम नभएपछि पटकपटक ताकेता गरेको र धेरैपटक भन्दा पनि काम नभएपछि ठेक्का तोड्ने प्रक्रियाअघि बढेको सडक भिडिजन कार्यालय सूचना अधिकारी सिंहले जानकारी दिनुभयो।

यसअघि कर्णाली राजमार्गका चारवटा रुग्ण अवस्थामा रहेका ठेक्का सडक डिभिजन कार्यालयको आफ्नो कार्यक्षेत्रभित्र पर्ने कालीकोटका दुई, मुगुको नाग्म-गमगडी सडकखण्डको एक र जुम्ला डोल्पा हुँदै मनाङ-मुस्ताङ जोड्ने सडक गरी चारवटा ठेक्का तोडिएको सडक डिभिजन कार्यालयका  निमित्त डिभिजन प्रमुख श्रवणकुमार महताराले बताउनुभयो।रासस

# थिलथिलिएको बिपी राजमार्गमा कहिलेसम्म कठिनाईपूर्ण यात्रा ?

काभ्रेपलाञ्चोक। बिपी राजमार्गको यात्रा डेढ वर्षदेखि कठिनाईपूर्ण बनिरहेको छ। हालका दिनमा भइरहेको मध्यम र हल्का वर्षाले पनि पटकपटक अबरुद्ध हुने गरेको उक्त राजमार्ग यो चैत महिनाको मध्यसम्म दुईपटक अबरुद्ध भैसक्यो। डेढ वर्षअघिसम्म मध्यपहाडी क्षेत्रको यात्रालाई सहजता दिलाएको उक्त राजमार्ग दुई वर्षमा 'ठीकठाक' पार्ने गरी स्थायी पुनर्निर्माण भने सुरु भैसकेको छ।

सङ्घीय राजधानी काठमाडौँलाई पूर्वी नेपालसँग जोड्ने छोटो, एक मात्र वैकल्पिक र अत्यन्त महत्वपूर्ण सडकमार्ग बिपी राजमार्ग। विशेषगरी यस राजमार्गको काभ्रेपलाञ्चोकको चौकीडाँडादेखि सिन्धुलीको विभिन्न क्षेत्रस्थित सडकखण्डमा यस र अघिल्लो वर्षको असोजका बाढीपहिरोले 'थिलथिलो' नै बनाएको छ। यस राजमार्गको मध्यक्षेत्र अर्थात काभ्रेपलाञ्चोकतर्फको सडकखण्ड भत्किएर क्षत्विक्षत् तथा बगाएपछि यात्रा जोखिमपूर्ण अवस्थाबाट गुज्रिरहेको छ। उक्त राजमार्गको सडक-सम्पर्क बिच्छेदसमेत भएको हो।

वर्षायाममा केही भागमा क्षति पुऱ्याएपनि दुई वटाका असोजका अबिरल वर्षामा काभ्रेपलाञ्चोकको रोशी खोलामा आएको बाढीले राजमार्गका सडकखण्ड क्षतिग्रस्त बनाइदिएको थियो। यसवर्ष पनि गत असोजमै राजमार्गको विभिन्न सडकखण्डमा सडकको नामोनिसा नै मेटिनेगरी, पैदलसमेत हिड्ने नसक्ने गरी बाढीपहिरोले तहसनहस बनाइदिएको थियो। गत साल असोजमा क्षत्विक्षत् राजमार्गमा अस्थायी सडक एवं डाइभर्सन बनाई सञ्चालन गरिएपनि स्थायी बनाउने प्रक्रियामै रहेका बेला राजमार्ग पुनः थिलथिलो बन्नुपऱ्यो।

डिभिजन सडक कार्यालय भक्तपुरको प्रारम्भिक अनुगमन निरीक्षणअनुसार करिब चार किलोमिटर सडक नै बगाएको छ। यसका कारण खोलाबाटै डाइभर्सन बनाएर सवारी स्ञ्चालनमा ल्याउनुपऱ्यो। करिब २६ अर्ब जापानी येन बराबरको लागतमा खण्डखण्डमा निर्माण सम्पन्न यस राजमार्गले पूर्वी नेपाललाई राजधानीसँग छोटो र सिधा जोड्को छ। यस राजमार्ग निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम राजमार्ग हुँदै नारायणघाट-मुग्लिन-काठमाडौँ घुम्नुपर्ने झन्झट हटाइदिएको थियो।

गत वर्षको असोज १०, ११ र १२ मा परेको अविरल वर्षाका कारण रोशी खोला बढीले बर्दिबासदेखि धुलिखेलसम्म १० किलोमिटर सडक क्षतिग्रस्त भएको थियो। त्यसलाई अस्थायी मर्मत गरेर सञ्चालनमा ल्याएको वर्ष दिनपछि गत असोज १७ र १८ मा वर्षाले पुनः क्षति गराएको हो। सङ्घीय राजधानी काठमाडौँबाट बागमती प्रदेशअन्तर्गत अरनिको राजमार्गअन्तर्गत धुलिखेलबाट सुरु भएको यस राजमार्ग मध्यपहाडीको हाल निर्माणाधीन पुष्पलाल रार्जमार्गसँग समेत जोडिएको छ। तर, भूकम्पले केही दूरीका सडक भत्काएको यस मार्गलाई २०८१ र २०८२ सालको बाढीपहिरोले थप क्षतिग्रस्त बनाएको हो।

राजमार्गअन्तर्गत यस क्षेत्रमा पुल नबनेका भ्याकुरे, घ्याम्पे र रोशी खोला बारम्बार समस्या बन्दै आइरहेका छन्। वर्षा भएका बेला यी खोलाबाट आउने खहरे र बाढीले हरेक दिनजसो बाटो बन्द हुने अवस्था निम्तिएको छ। यस्तै गत सालको बर्षाले काभ्रेपलाञ्चोकेको भकुण्डेबेंसीदेखि सिन्धुलीको नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा बाढीले नराम्रो क्षति पुऱ्याएको थियो। विशेषगरी नेपालथोक-आँपटार, कालढुङ्गा, डालाबेंसी, चिउरीबास, एक नम्बर पुललगायतका ठाउँमा सयौं मिटर सडक बगाएको छ। त्यसबेला सानो खोलाले पनि डाइभर्सनसमेत बगाएको थियो।



> "पुन:निर्माण हुने सडकखण्डमा दुई लेनको सडक बन्नेछ भने यसभित्र रहेका पुलसँगै अर्को पुल निर्माण गरेर पुललाईसमेत दुई लेनको निर्माण गरिनेछ"

गतसाल राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकतर्फको नार्के बजार, चौकीडाँडा, दाउन्ने, माम्ती खोला र बेंसीका सडकखण्ड पूर्णरुपमा बगाएका थियो। गत सालको वर्षाले बगाएको सडकमा अस्थायी ट्र्याक खोलिएको भए पनि गत बैशाख अन्तिम साताको बाढीले फेरि डाइभर्सनलगायत अस्थायी सडक बगाएको थियो। त्यसलाई पनि अस्थायी मर्मत गरी सञ्चालनमा ल्याइएको थियो। यसैबीच पटकपटकको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गको हाल स्थायी रुपमा पुनःनिर्माणकार्यलाई तीव्रता दिइएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ। उक्त राजमार्गको क्षतिग्रस्त सडकखण्डको तीन स्थानबाट थालिएको स्थायी पुनःनिर्माणकार्यलाई तीव्रता दिइएको हो।

राजमार्गको जोखिमयुक्त स्थानमा आउँदो वर्षाअघि नै पूर्वाधार निर्माण सक्ने र राजमार्गबाट नै यातायातका साधन सञ्चालन गर्नेगरी निर्माण कार्यलाई तीब्रता दिइएको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले बताउनुभयो। उहाँका अनुसार राजमार्गमा भैरहेको काम हेर्दा दुई वर्षभित्र सडक पुनर्निर्माणको काम सकिनेछ। हालसम्म काभ्रेपलाञ्चोकतर्फ ठेक्का लागेको तीन वटा सडकखण्डमा कुल २५ प्रतिशत काम भएको योगेशको भनाइ छ।

विशेषगरी २०८१ असोजमा आएको बाढीपहिरो तथा यस बर्षको वर्षामा थप क्षति पुगेपछि गत मङ्सिरदेखि पक्रिया पुऱ्याएर स्थायी पुनःनिर्माण थालिएको हो। क्षग्रिस्त चार खण्डमध्ये बाँकी एक खण्ड जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले पुनर्निर्माण गर्ने बर्खेखोलादेखि पिप्लेसम्मको ३ दशमलब २ किलोमिटर सडक निर्माणको काम यसै महिनाभित्र ठेक्का सम्झौता हुने योगेशले जानकारी दिनुभयो। क्षति पुऱ्याएको विभिन्न स्थानमा 'आरसीसी' पर्खाल लगाउने काम भइरहेको छ भने चौकीडाँडामा खोलाबाट पर्खाल लगाउन तथा चारसयबैंशी र भकुण्डेबैंशीमा पनि ' आरसीसी' पर्खाल लगाउन सुरु गरिएको छ। यस्तै डालाबैंशी, मङ्गलटार खण्ड, चारसयबैंशीदेखि नार्के खण्डमा सडक चौडा बनाउने कामसमेत भइरहेको योगेशले बताउनुभयो। उहाँका अनुसार गतवर्ष र यसवर्षको बाढीले सडक पूर्ण क्षति भएको स्थानमा बाढीले क्षति नगर्ने संरचना निर्माणको डिजाइन गरिएको छ।

राजमार्गको काभ्रेपलाञ्चोक र सिन्धुलीको क्षतिग्रस्त खण्डको आगामी दुई वर्षभित्र पुनर्निर्माणको काम सक्ने लक्ष्य राखिएको छ। कार्यालयका अनुसार क्षतिग्रस्त राजमार्गको पुनर्निर्माणको लागि तीन खण्डमा एकैसाथ काम सुरु गरिएको हो। यसवर्ष क्षतिग्रस्त स्थानमा संरचना निर्माण गर्ने, सडक चौडा गर्नेलगायतको काम सम्पन्न गर्ने र आगामी वर्ष बाँकी रहेका केही स्थानमा संरचना बनाई कालोपत्रे गरी कामलाई तीव्रता दिइएको योगेशले बताउनुभयो। बाढीपहिराले उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक र सिन्धुली खण्डको करिब ३० किलोमिटर सडकमा क्षति पुऱ्याएको थियो।

अबको पुनःनिर्माणमा राजमार्गको स्तरोन्नति गर्दै दुई लेनको सडक निर्माण गरिने भएको हो। "पुनःनिर्माण हुने सडकखण्डमा दुई लेनको सडक बन्नेछ भने यसभित्र रहेका पुलसँगै अर्को पुल निर्माण गरेर पुललाईसमेत दुई लेनको निर्माण गरिनेछ", योगेशले भन्नुभयो। उहाँका अनुसार पाँच वटा पुललाई दुई लेनमा परिणत गर्नेसमेत योजना बनाइएको छ।

डालाबैंसीदेखि चारसयबैंसीसम्म ८ दशमलव ५ किमी सडक पुनःनिर्माणका लागि खानी-एवन-कमलजीत जेभीले रु एक अर्ब ४२ करोड ३७ लाख (भ्याटसहित)मा निर्माण गर्ने गरी ठेक्का पाएको कार्यालयले जनायो। यस्तै चारसयबैंसीदेखि भकुन्डेबैंसीसम्मको ११ दशमलव ८ किमी सडक पुनःनिर्माणका लागि लामा-नवकान्तिपुर जेभीलाई रु एक अर्ब ३३ करोड ५३ लाखमा ठेक्का दिइएको हो। नेपालथोकदेखि बर्खेखोलासम्म ४ दशमलव ९० किमी सडक पुनर्निर्माणका लागि रु ६१ करोड (भ्याटसहित) मा निर्माण गर्ने गरी खरिढुङ्गा-घिसिङ-क्षितिज जेभीसँग ठेक्का सम्झौता गरिएको जनाइएको छ।

क्षतिग्रस्त कूल २९ दशमलव पाँच किमी सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको ३ दशमलव २ किमी सडकलाई जाइकाले रु २ अर्ब ६३ करोड बराबरको अनुदान उपलब्ध गराउने समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ। कार्यालयले जाइकाले निर्माण गर्ने सडकखण्डबाहेकका अन्य खण्डमा सरकारले गत असोजअघिनै ठेक्का लगाइसकेको थियो। क्षतिग्रस्त खण्ड पुनःनिर्माणका लागि सरकारले रु ८ अर्ब ५० करोड स्रोत सहमति दिएको हो। यसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई रु सात अर्ब ५० करोड र सिन्धुलीको एक सडकखण्डलाई रु एक अर्बको स्रोत सहमति दिइएको हो। बिस्तृत अनुगमन निरीक्षण गरी पुनः अस्थायी बनाउने काम थालिएको कार्यालयको इन्जिनियर विन्दु अधिकारीले जानकारी दिनुभयो।

गत असोज १७ गते रातिदेखि निरन्तर परेको वर्षाले उक्त राजमार्गको भकुन्डे-नेपालथोक सडकखण्डमा धेरै क्षति पुऱ्याएको कार्यालयले जनाएको छ। इन्जिनियर अधिकारीका अनुसार बीपी राजमार्गअन्तर्गत उक्त सडकखण्डको १७ स्थानमा रोशी खोलाले क्षति पुऱ्याएको छ भने राजमागको चौकीडाँडा, बोक्सेकुना, माम्ती, चार सयबेंसी, घुमाउनेलगायतका स्थानमा निकै नै जोखिम रहेको छ। यी स्थानमा अब शून्यबाटै फेरि मर्मत सुरु गरिने अधिकारीको भनाई छ।

कार्यालयका अनुसार हाल एक सय १० किलोमिटर सडकमा यातायात पुनः सञ्चालनमा रहेको र ५० किलोमिटर पुनर्निर्माणको चरणमा रहेको छ। कार्यालयले गतसाल असोजको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत २९ किलोमिटर सडकखण्डलाई चार खण्डमा पुनर्निर्माण गर्नेगरी यस वर्ष प्रक्रिया अघि बढाइएको थियो। त्यतिबेलाको बाढीपहिरोले आठ किलोमिटर सडक पुरै बगाएको थियो।

यस्तै क्षतिग्रस्त राजमार्ग स्थायी पुनर्निर्माण गर्दा इन्टरमिडियट लेनबाट कम्तीमा दुई वटा गाडी सहजरुपमा गुड्ने गरी सात मिटर चौडाइको कालोपत्रे भएको र अर्को रोशीखोलामा बाढी आउँदा बाढीले खोल्नसक्ने नदीको सतहभन्दा तलबाट आरसिसी पर्खाल लगाएर सडक निर्माण गरिने जनाइएको छ। कार्यालयले पहिलो चरणमा भकुन्डेदेखि नेपालथोकसम्मको २८ किलोमिटर सडक दुई लेनको बनाउने छ। राजमार्गमा जोखिमका कारण पटकपटक विशेषगरी राति सवारी सञ्चालनमा रोक लगाउँदै आइएको छ। दैनिक करिब तीन हजार सवारीसाधन आवतजावत गर्ने उक्त राजमार्गमा चाडवाडका बखत भने तेब्बर सवारी साधन ओहोरदोहोरनै गर्छन्।

त्यसो त जाइकाको प्राविधिक अध्ययनले बिपी राजमार्गमा १६ टनभन्दा माथिको सवारीसाधन सञ्चालन गर्न रोक लगाएको छ। तर व्यापारीले प्रशासनलाई प्रभावमा पारेर २५ टनसम्मका सवार ीसाधन सञ्चालन गर्दै आइरहेका छन्। बिपी राजमार्गमा ट्रिपरले २५ टनसम्म गिट्टी वालुवा लिएर निर्वाध रुपमा सञ्चालन हुने गरेपनि नियम कार्यान्वयन गर्ने निकाय भने प्रायः मुकदर्शक नै बन्ने गरेको पाइन्छ। बिपी राजमार्गको संरचना भत्काउने मुख्य कारकको रुपमा यस सडकमा सञ्चालन हुने टिपर पनि रहेका छन्। दैनिक यस सडकमा छ सयभन्दा बढी टिपर क्षमताभन्दा बढी लोड लिएर सञ्चालन भइरहेका छन्। बेलाबखत प्रहरीले चेकिङ गरे पनि नियमित रुपमा अनुगमन हुन सकिरहेको छैन। यसको फाइदा टिपर व्यवसायीले उठाउँदै आएका छन्। सङ्गठित रुपमा टिपर सञ्चालक र क्रसर व्यवसायीले स्थानीय प्रशासनलाई प्रभाव पार्दै बिपी राजमार्गको संरचनालाई जोखिममा पार्दै आएका पनि छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका अनुसार हाल बिपी राजमार्गमा साना ठूला गरी दैनिक ३ हजारभदा बढी सवारी साधन आवतजावगत गर्ने गरेका छन्। मुग्लिन-नारायणगढ सडकखण्ड अवरुद्ध हुँदा पूर्वबाट आउने अधिकाशं साना सवारी साधन बिपी राजमार्ग हुँदै सञ्चालन हुने गरेका छन्। यस सडकमा ट्रिपर, मिनी बस, टाटासुमो र माइक्रोबस बढी सञ्चालन हुने गरेका छन्। रासस

# थारू भित्ते चित्रकला सङ्कटमा

कञ्चनपुर। माटोका भित्तामा उकेरिएका चित्रहरू एक समय कञ्चनपुरका थारू गाउँको पहिचान नै हुन्थे। घरको प्रवेशद्वार अगाडिको भित्तामा माटो उकेरेर बनाइने जनावर, चरा, देवीदेवता र दैनिक जीवनका दृश्यले थारू समुदायको संस्कृति, प्रकृतिप्रतिको श्रद्धा र जीवनशैली झल्काउँथ्यो। तर समय परिवर्तनसँगै पक्की घर निर्माणको बढ्दो प्रवृत्तिले थारू समुदायको परम्परागत भित्ते लोक चित्रकला अहिले लोपोन्मुख अवस्थामा पुगेको छ।



पहिले थारू समुदायका घरका भित्तामा रुख, बेहुलाबेहुलीलाई डोलीमा बोकेको, हात्ती, घोडा, मयूर, चरा, गोरु जोत्दै गरेका किसान, मान्छे, माछा, कछुवा, चित्तल, बाघ, भालु, गणेश, शिवपार्वतीलगायतका चित्र बनाउने गरिन्थे। चित्र बनाउने काममा महिला निपूण हुन्थे।

ती चित्रहरू केवल सजावटमात्र नभई जीवन दर्शन, धार्मिक आस्था, प्रकृतिप्रतिको श्रद्धा र सामाजिक संस्कारको प्रतीकका रूपमा चिनिन्थे। भित्ते चित्रमार्फत थारू समुदायले आफ्नो रहनसहन, वन्यजन्तु, जलजङ्गल, खेतीपाती, विवाह संस्कार र देवदेवतासँगको सम्बन्धलाई अभिव्यक्त गर्दथे। राना थारू समुदायका अगुवा जगता राना भन्नुहुन्छ, "गहुँबाली भित्र्याएर फुर्सदिला भएको समयमा विशेषगरी वैशाख-जेठमा नयाँ घर बनाउने र पुराना घर मर्मत गर्ने काम हुन्थ्यो, महिलाले माटो ल्याएर घर लिपपोत गर्ने र त्यही बेला भित्तामा चित्र बनाउने चलन थियो, त्यो हाम्रो संस्कृति र पहिचानको भाग थियो।" उहाँका अनुसार गाउँका सबै महिला मिलेर सामूहिक रूपमा घर लिपपोत गर्ने चलन थियो। भित्ता लिपपोत गर्दा सिपालु महिलाले माटो उकेरेर चित्र बनाउने गर्थे। यसले गाउँमा आपसी सहयोग, मेलमिलाप र सामुदायिक एकता पनि बढाउने काम गर्थ्यो।थारू गाउँमा बडघर चयन प्रक्रिया सकिएपछि गाउँमा अंशवण्डा गर्ने, घर निर्माण गर्ने र मर्मत गर्ने योजना बनाउने परम्परा छ। योजनाअनुसार गाउँका सबै मानिस सामूहिक रूपमा एकअर्काको घर बनाउने चलन परापूर्वकालदेखि चल्दै आएको थारू अगुवा हवलदार चौधरी बताउनुहुन्छ।

उहाँका अनुसार सहर नजिकका गाउँमा पक्की घर निर्माण बढेसँगै सामूहिक रूपमा घर बनाउने र भित्तामा चित्र बनाउने चलन विस्तारै हराउँदै गएको छ, तर विकट ग्रामीण गाउँहरूमा भने अझै केही हदसम्म यो परम्परा बाँकी छ। भित्ते चित्रहरूमा देखाइने चित्रको पनि आफ्नै अर्थ र प्रतीकात्मक महत्व हुने गरेको उहाँ बताउनुहुन्छ।

"भित्तामा कोरिने चित्रमा घोडालाई यातायातको साधन र शक्ति तथा गतिशीलताको प्रतीक मानिन्थ्यो", उहाँले भन्नुभयो, "कछुवालाई लामो आयु र धैर्यको प्रतीक मानिन्थ्यो भने मयूरलाई सौन्दर्य र समृद्धिको प्रतीकका रूपमा चित्रमा राखिन्थ्यो, हात्ती शक्ति र गौरवको प्रतीक मानिन्थ्यो, डोलामा बेहुलाबेहुली बोकेको चित्र विवाह संस्कार र पारिवारिक सम्बन्धको महत्व दर्शाउने चित्रका रूपमा बनाइन्थ्यो।"

देखतभूलीका वृद्धा द्रोपती राना भन्नुहुन्छ, "कच्ची माटो र काठले बनेका घरमा बस्दा आफ्नै हातले माटोको भित्तामा चित्र बनाउँथ्यौ, त्यो चित्र बनाउने कला हजुरआमाबाट सिकेको थिएँ, अहिले त कोर्ने मान्छे पनि छैनन्, न माटोको भित्तो नै बाँकी छ।" उहाँका अनुसार विशेषगरी चित्र बनाउने काममा महिलाहरूको मुख्य जिम्मेवारी मानिन्थ्यो र आमा-हजुरआमाले छोरीहरूलाई यो कला सिकाउने गर्थे। यसरी पुस्तौँदेखि पुस्तामा यो कला हस्तान्तरण हुँदै आएको थियो।तर पछिल्ला दशकमा पक्की घर निर्माणको बढ्दो चलनसँगै माटोको भित्तो हराउँदै गयो। माटोको भित्तो नभएपछि भित्तेचित्र बनाउने परम्परा पनि हराउँदै गएको पिपलाडी गाउँका स्थानीय बासिन्दा बिलबहादुर चौधरी बताउनुहुन्छ। "पहिले घर बनाउँदा महिलाहरूले भित्तामा चित्र कोर्थे, अहिले सिमेन्टको भित्तामा पेन्ट लगाइन्छ, माटोको चित्र बनाउने चलन हरायो", उहाँले भन्नुभयो, "खोजेर पनि ती चित्र पाउनै मुस्किल छ।"

घरको भित्तामा बनाइने चित्रमा केही घरमा रङ भर्ने चलन पनि थियो। केहीले ऱुङबिना पनि चित्र बनाउने गर्दथे। चित्र बनाउन प्रयोग हुने रङ पनि प्राकृतिक सामग्रीबाट तयार गरिन्थे। हल्दीबाट पहेँलो रङ, रातो माटोबाट रातो रङ, खरानीबाट खैरो वा कालो रङ, रुखको बोक्रा र पातबाट हरियो तथा अन्य रङ बनाइन्थे। यसले वातावरणमैत्री र प्राकृतिकजीवनशैलीझल्काउँथ्यो।थारू सांस्कृतिक जानकार नरेन्द्रप्रसाद चौधरीका अनुसार थारू भित्ते चित्रकला केवल कलामात्र नभई समुदायको इतिहास, संस्कृति र जीवन दर्शन बोकेको जीवित दस्तावेजका रूपमा रहेको छ।

चित्रहरूमा प्रकृतिप्रतिको श्रद्धा, वन्यजन्तुसँगको सहअस्तित्व, खेतीपाती, सामाजिक संस्कार, विवाह, देवीदेवताप्रतिको आस्थालगायत विषय चित्रित हुन्थे।

"हामीलाई बाल्यकालमा आमा-हजुरआमाले चित्र कोरेको हेर्दथ्यौँ, अहिले त्यही कला देख्नै दुलर्भ भइसक्यो, विद्यालयको पाठ्यक्रममा यस्तो परम्परालाई जीवन्त राख्न पाए नयाँ पुस्ताले सिक्ने थिए।रासस


**सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बर्दिबास, महोत्तरीको भूल सुधार गरिएको सूचना**

सिद्धार्थ बैंक लिमिटेडको मिति २०८२/१२/१७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचनामा शाखा कार्यालय बर्दिबास, महोत्तरीको **सविता देवी यादव** (ना.प्र.नं. १८३०६४/१०४२, जारि मिति २०६३/१०/२६, जि.प्र.का. महोत्तरी) **ऋणी तथा व्यक्तिगत जमानतकर्ताको विवरण** हुनुपर्नेमा अन्यथा हुन गएको तथा धितोको विवरणमा **ऋणी जय माँ सोनामाई फिक्स ईट्टा उद्योगको पक्षमा धितोबन्धकी कायम रही ऋणी सविता देवी यादवको पक्षमा पुनः धितोबन्धकी कायम रहेको** हुनुपर्नेमा अन्यथा हुन गएकोले सोलाई सच्याई भूल सुधारको सूचना प्रकाशित गरिएको सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

Siddhartha Bank
शाखा कार्यालय : बर्दिबास, महोत्तरी
फोन नं. ०४४-५५०६४०
Website: www.siddharthabank.com


# देववृक्ष उत्पादन गर्दै डिभिजन वन कार्यालय

चितवन। यहाँ डिभिजन वन कार्यालयले देववृक्ष उत्पादन सुरु गरेको छ।

कार्यालयले देव वृक्ष अर्थात् वर, पिपल, स्वामी, खयर, आँप, अम्बा, बेल, अमला, पलाँस, काभ्रोलगायत बिरुवा उत्पादन सुरु गरेको हो।

कार्यालय प्रमुख विष्णुप्रसाद आचार्यका अनुसार देववृक्षसँगै ग्रह, नक्षेत्र र रासि बाटीकाअनुसारका वृक्ष उत्पादन सुरु गरिएको छ। यस क्रममा पहिलो वर्ष १० हजार बिरुवा उत्पादन गरेर वितरण गर्ने तयारी गरिएको छ। उहाँले भन्नुभयो, "ग्रह बाटीकाका लागि नौ प्रजाति, रासि बाटीकाका लागि १२ प्रजाति र नक्षेत्र बाटीकाका लागि २७ प्रजातिका बिरुवा उत्पादन सुरु गरेका छौँ।

सुरुआतको वर्ष भएकाले यस्ता बिरुवा कम उत्पादन गर्न थालिएको हो।रासस


**भूमिसुधार तथा मालपोत कार्यालय धनुषा**

**हकदाबि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

यसमा निवेदक वादी जिल्ला धनुषा अन्दुपट्टी कटरेत गा.वि.स.वडा नं.४ हाल परिवर्तित मिथिला बिहारी न.पा.वडा नं.९ मा बस्ने सतिया देवी यादव तथा प्रतिवादी महेन्द्र यादव समेत भएको दे.नं.०८०-CP-०८४३ अंशदर्ता मुद्दामा धनुषा जिल्ला अदालतबाट मिति २०८१/०८/१६ भएको फैसला, मिति २०८१/०२/३१ को बण्डा मुचुल्का र च.नं.०८१-३६-०२२७५ मिति २०८२/०३/१८ को जग्गा दा.खा.दर्ता गरिदिने पत्र वमोजिम दा.खा.गरी पाउँ भनी द.नं.२९५६० मिति २०८२/०३/२२ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा मोठ रोक्का भिडाउँदा प्रतिवादी महेन्द्र यादवको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गामा मिति २०७५/०२/१२ मा हालैदेखिको बकसपत्र लिखतको लागि मोठ भिडेको भनी लेखि आएको र हालैदेखिको बकसपत्र लिने व्यक्तिको विवरण उल्लेख नभएकोले ३५ दिने हकदावी सम्बन्धी सूचना प्रकाशन गर्नु भनी मिति २०८२/१०/१३ गतेको आदेशानुसार यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यसमा निवेदकको माग दावी अनुसारको हालैदेखिको बकसपत्र भिडेको कट्टा गरी दा.खा.दर्ता गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउँदा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदक वाहेक अन्य कोही व्यक्ति वा संघ संस्थाको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुसंग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालमा आउनु होला। सूचनाको म्याद भित्र दावी उजूरी नपरी म्याद समाप्त भएमा कानुन वमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सूचित गरिएको छ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कित्ता नं. | क्षेत्रफल | बुबा-नारायण यादव | जग्गाधनीको विवरण |
|---|---|---|---|---|---|---|
| धनुषा | कटरैत | ४ | ३३६ | ०-४-० | उत्तर तर्फवाट ८ भागको १ भाग | नाम-महेन्द्र यादव<br>वतनः अन्नुपट्टी कटरैत-४<br>हाल मिथिला बिहारी न.पा.-९<br>बुबा-नारायण यादव |
| धनुषा | कटरैत | ५ | २७३ | ०-३-२ | | |
| धनुषा | कटरैत | ५ | ८५ | ०-३-० | | |
| धनुषा | कटरैत | ५ | २९५ | ०-०-६ | | |
| धनुषा | कटौत | ५ | २८४ | ०-०-६ | | |

# अतिक्रमण खाली गर्न २४ घण्टे अल्टिमेटम

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकालेनगरक्षेत्रभित्र सडक तथा सडक पेटी अतिक्रमण गरी सञ्चालन भइरहेका व्यापार-व्यवसायप्रति कडा कदम चाल्दै अतिक्रमण खाली गर्न २४ घण्टे अल्टिमेटम दिएका छन् ।

उपमहानगरपालिकाले शुक्रबार एक सूचना जारी गर्दै सार्वजनिक स्थान अवरुद्ध हुने गरी राखिएका सम्पूर्ण सामग्री २४ घण्टाभित्र हटाउन अल्टिमेटम दिएको हो ।

सडक र पैदलमार्ग अवरुद्ध हुँदा यातायात सञ्चालनमा समस्या आउनुका साथै सर्वसाधारणलाई आवतजावतमा कठिनाइ भइरहेको गुनासो बढ्दै गएको छ । त्यसलाई मध्यनजर गर्दै यस्तो कदम चालिएको उपमहानगरले जनाएको छ ।




सूचनामा तोकिएको समयसीमाभित्र सडक पेटीमा राखिएका पसल, ठेला, निर्माण सामग्री तथा अन्य अवरोधक वस्तुहरू नहटाइएमा प्रचलित कानून अनुसार कारबाही गरिने उल्लेख छ । उपमहानगरले नगरवासी तथा व्यवसायीहरूलाई नियमको पालना गर्न आग्रह गर्दै सहयोग गर्न अपिल समेत गरेको छ।

यसअघि पनि पटक पटक अतिक्रमण हटाउने अभियान सञ्चालन गरिए पनि पुनः सडकमा सामग्री राख्ने प्रवृत्ति कायम रहेकाले यसपटक कडाइका साथ कार्यान्वयन गरिने उपमहानगरले चेतावनी दिएको छ ।

एकातर्फ उपमहानगरपालिकाको समन्वयमा प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतो आफै अतिक्रमण खाली गराई रहेका छ भने अर्कोतर्फ ठूलाबडालाई प्रोत्साहन दिने गरिएको पाइएको छ।

शुक्रवार मिल्स एरियाको अतिक्रमण खाली गराउने क्रममा फुटपाथमा पसलको बोर्ड, छजी लगायतका कुनै कुरा भए मन्त्री महतो आफै कुदेर तोडाउन लगाएका थिए । तर त्यही रामस्वप रामसागर साहको नाममा रहेको धर्मसंस्था अधिनका रहेका जग्गामा बनाइएको सटरहरुको छजी फुटपाथ भन्दा पनि अगाडि सडकमा रहेपनि तोडेनन् ।

सस्तो लोकप्रियता कमाउने मन्त्री महतोको यो कार्यको सामाजिक सञ्जालमा चर्को भइरहेको छ । सानालाई ऐन र ठूलालाई चैन भन्ने कार्य यहाँ मन्त्रीको देखिएको भनी आलोचना भइरहेको छ । गरीबको छाना उजाडने मन्त्रीलाई धर्मसंस्थाले ठड्याएको भवनको छजी हटाउने लियाकत पुगेन कि भन्ने आलोचना समेत भइरहेको छ।

## सशस्त्रका इन्सपेक्टर पक्राउ

**टुडे समाचारदाता**

जनकपुधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषाको लालगढबाट सशस्त्र प्रहरीका एक निरीक्षक (इन्सपेक्टर) घुस रकमसहित पक्राउ परेका छन् । पक्राउ पर्नेमा सशस्त्र प्रहरी निरीक्षक ओकिल अधिकारी रहेको प्रहरीले जनाएको छ ।

आयोगको क्षेत्रीय कार्यालय बर्दिबासबाट खटिएको टोलीले उनलाई ४० हजार रुपैयाँ घुस रकमसहित नियन्त्रणमा लिएको जनाइएको छ। आयोगका अनुसार निर्माणाधीन कमला-ढल्केवर-बाग्मती सडक आयोजनासँग सम्बन्धित ठेकेदारसँग विभिन्न बहानामा रकम असुली गर्ने गुनासो आएपछि विशेष निगरानी थालिएको थियो।

आयोगका सूचनाअधिकारी प्रकाश पोखरेलका अनुसार ती निरीक्षकले निर्माण कार्यमा संलग्न सवारी साधनलाई अनावश्यक रूपमा अवरोध सिर्जना गर्दै रकम माग्ने गरेका थिए। 'यो मिलेन, त्यो मिलेन' भन्दै काममा ढिलाइ गराउने र त्यसकै बहानामा पैसा असुल्ने गरेको आरोप उनीमाथि रहेको उनको भनाइ छ।

विशेष निगरानीका क्रममा उनलाई घुस रकम लिँदै गर्दा रंगेहात पक्राउ गरिएको हो । हाल उनलाई नियन्त्रणमा राखी घटनाबारे थप अनुसन्धान भइरहेको आयोगले जनाएको छ।

## मालपोतबाट बिचौलिया पक्राउ

**टुडे समाचारदाता**

रौतहट । भूमि प्रशासनसँग सम्बन्धित कार्यालयहरूमा बढ्दो बिचौलिया गतिविधिमाथि नियन्त्रण गर्न सुरु गरिएको अभियानअन्तर्गत रौतहट र पर्साबाट गरी आठ जना बिचौलियालाई प्रहरीले पक्राउ गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटको टोलीले गौरस्थित भूमि सुधार तथा मालपोत कार्यालय परिसरबाट पांचजनालाई नियन्त्रणमा लिएको हो । सरकारी निर्देशन अनुसार मालपोत लगायतका कार्यालयमा बिचौलियाको प्रवेश निषेध गरिएपछि प्रहरीले निगरानी बढाएको थियो । सोही क्रममा सेवाग्राहीसँग रकम असुल्दै काम मिलाइदिने प्रयास गरिरहेको अवस्थामा उनीहरुलाई रंगेहात पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेहरूमा यमुनामाई गाउँपालिका-२ का २८ वर्षीय सिकित नारायण, राजदेवी नगरपालिका-७ का २४ वर्षीय बब्लु प्रसाद यादव, सोही स्थानका ३० वर्षीय श्याम बिहारी यादव, परोहा नगरपालिका-७ का ३९ वर्षीय रामनरेश प्रसाद पटेल तथा गौर नगरपालिका-८ का करिब ६० वर्षीय राजेन्द्र राउत बरै रहेका छन् ।




जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता इन्स्पेक्टर जीवन मैनालीका अनुसार शुक्रबार दिउँसो करिब १२ बजे जिल्ला अदालत र मालपोत कार्यालय आसपास क्षेत्रमा सेवाग्राहीलाई हैरानी दिने, कागजात बोकेर विभिन्न फाँटमा दौडधूप गर्ने र त्यसबापत रकम असुल्ने कार्यमा संलग्न व्यक्तिहरूलाई नियन्त्रणमा लिइएको हो।

यसैगरी पर्साको पोखरियास्थित मालपोत कार्यालयबाट प्रहरीले तीन जना बिचौलियालाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय पोखरियाबाट शुक्रवार खटिएको प्रहरी टोलीले मालपोत कार्यालयबाट तीन जना बिचौलियालाई नियन्त्रणमा लिएको भनेपनि प्रहरीले नाम भने खुलाएको छैन।

मालपोत कार्यालयमा अनावश्यक रूपमा प्रवेश गरेर सेवाग्राहीलाई हैरान पार्ने कार्यमा संलग्न असम्बन्धित तीन जना व्यक्तिलाई नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक प्रदीप पौडेलले जानकारी दिए।

नियन्त्रणमा लिइएका तीनै जनालाई इलाका प्रहरी कार्यालयमा ल्याएर अनुसन्धान गरिरहेको उनले जानकारी दिए । पौडेलले भने, "उनीहरूले आफू लेखापढी व्यवसायी भएको दाबी गरेका छन् । त्यसबारेमा हामीले छानबिन गरिरहेका छौं ।"

भूमि व्यवस्थापन तथा अभिलेख विभागले यसअघि देशभरका मालपोत तथा भूमि सुधार कार्यालयहरूमा अनधिकृत व्यक्तिको प्रवेशमा कडाइ गर्दै बाहिरी व्यक्तिलाई कार्यालयका कागजात र स्रेस्तामा पहुँच नदिन कडा निर्देशन जारी गरेको थियो ।

# गुठीको जग्गा फिर्ता ल्याउने मार्गचित्र

ब्लग :



श्यामसुन्दर शशि

बालेन्द्र साहको नेतृत्वको सरकारले घोषणा गरेको १०० दिने कार्यसूचीले यथास्थितिमा रमाउने बाध्य पारिएका आमनागरिकलाई थोरै भए पनि आशा जगाएको छ। मुलुकमा अब केही होला कि ? भने भाव जगाएको छ । खासमा कार्यसूचीको बुँदा नम्बर-८ मा उल्लेखित 'विभिन्न आयोगहरुको प्रतिवेदनहरु केवल अभिलेखमा सीमित रहने र कार्यान्वयन कमजोर हुने समस्या समाधान गर्न ३० दिनभित्र सम्बन्धित प्रतिवेदनका सिफारिसहरु कार्यान्वयन गर्न आवश्यक कानुनी, प्रशासनिक र अभियोजन प्रक्रिया शुरु गर्ने ।' तथा बुँदा नम्बर- ९२ मा उल्लेखित 'सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने । नयाँ अतिक्रमणमा कडाइका साथै रोक लगाउने तथा अवैध कब्जा हटाउने विशेष अभियान सञ्चालन गर्ने ।' घोषणाले जनकपुरवासी औधि उत्साहित बनेका छन् ।

५२ कुट्टी ७२ कुण्डाको नामले चिनिने मिथिला नगरी जनकपुरधामको धार्मिक र सांस्कृतिक पहिचान भनेको यहाँका मठ मन्दिर, सरोबर, पर्व त्यौहार हो । जो पछिल्ला वर्षहरुमा केही मठ मन्दिरका महन्त, भूमाफिया, गुठी, मालपोत, प्रहरी, प्रशासन, राजनीतिकर्मीलगायत सरोकारवालाहरुको मिलेमतोमा सखाप हुँदै गएको छ । थाहा भएन । सरकारको यस घोषणाबाट उत्साहित हुनु स्वाभाविक हो । सरकारले वाचा गरे जस्तै दुबै घोषणा निर्धारित समयसीमा भित्र कार्यान्वयन भए जनकपुरधामको स्वरुप फेरिने विश्वास गर्न सकिन्छ।

तर बालेन्द्र साह प्रधानमन्त्री पदको पदको शपथ ग्रहण गरी रहँदा जनकपुरधाम-८ परिक्रमा सडकभन्दा पश्चिममा अवस्थित एक मन्दिरको जग्गामा धमाधम घर बनिरहेको थियो । अहिले पनि भवन निर्माण रोकिएको छैन। गुठी जग्गाको बन्दरबाँट हुँदै गरेको दृश्य टुलुटुलु हेर्दै आएका हामी जनकपुरधामबासी हिजो पनि यस्तो दृश्य देखेका थियौं । आज पनि देख्दै छौं। सार्वजनिक जग्गाको सुरक्षा गर्ने वाताबन्धन गरेका बालेन्द्र सरकारको पालामा गुठी जग्गामा अवैध संरचना निर्माण हुँदैन भने जनकपुरवासीको विश्वास थोरै डगमगाएको भने अवश्य छ। सरकारको आँखा र कान भनेको मिडिया हो । सरकारी र गैर सरकारी संघ संस्थाहरु हुन् । पार्टी कार्यकर्ताहरु हुन् । टोल टोल पुगेर मतदाताको हालखबर बुझ्ने, मतदाताप्रति आभार व्यक्तगर्ने, खुसीयाली साटा साट गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा कार्यकर्ताहरु गुठीको जग्गामा भवन बनिरहेको दृश्य हेर्न भ्याएका छन् कि छैनन् ? हेरेका वा सुनेका छैनन् भने बालेन्द्र सरकारलाई अघिल्लो सरकार भन्दा फरक भन्ने आधार के ??

जनकपुरधामको जग्गा अतिक्रमणका सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा गठित समितिले सरकारलाई बुझाएको प्रतिवेदनमा जनकपुरधाम क्षेत्रका २५ गुठीको ९ हजार ८ सय ४३ बिघा १२ कट्ठाजग्गा अतिक्रमणमा परेको उल्लेख छ । यसैगरी, जनकपुरधामका मठ मन्दिरको श्रीसम्पतिको लगत, अवस्था तथा सुधारका लागि आवश्यक सुझाव दिन २०६२ श्रावण २६ गते मन्त्रिमण्डलको निर्णयबाट बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्ष भोजराज घिमिरेको संयोजकत्वमा गठित उच्चस्तरीय कार्यदलले २०६२ माघ ६ गते सरकारलाई बुझाएको प्रतिवेदनको सुझाव खण्डमा '२०४४ साल पौष मसान्तसम्म जानकी मन्दिर, रत्न सागर मठ र दशरथ मन्दिरले पहिलेको मितिको मनखपको कागज तयार गरी सम्बन्धित व्यक्तिहरुलाई दिइ सोही कागजको आधारमा अनधिकृत तवरबाट महन्तहरुबाट गुठी तैनाती जग्गामा घर बनाउन लगाइएको देखिन्छ। यी तीनै मन्दिरका महन्तहरुले करिब १४ विघा जग्गामा घर बनाउन लगाउनु भएको छ। यी तीनबटा मन्दिरले करिब २० करोडको जग्गाबिक्री गरिसकेको छ भनेर प्रतिवेदन बुझाएको छ।



जानकी मन्दिरका आदि महन्त सूरकिशोर दास र राममन्दिरका आदि महन्त चतुर्भुज गिरीले खोजी गरेको आधुनिक जनकपुरधामको पहिचान यहाँका मठ मन्दिर तथा सरोवरहरु हुन् जो पछिल्ला समय मासिन थालिएको छ । मठ मन्दिरका संरक्षक भनिएका केही साधु र महन्तहरु स्थानीय प्रहरी प्रशासन तथा भूमाफियाहरुसंगको मिलेमतोमा बिक्रीवितरण गर्न थालेका छन् । यहाँका केही महन्त माथि हत्या, चोरी, डाँका, अपहरण, प्राकृतिक र अप्राकृतिक यौन सम्बन्ध, सशस्त्र समूहसंगको संलग्नता, सरकारी कागज कीर्तेलगायतमा आरोपहरु नलागेको होइन । केही माथिको आरोप प्रमाणित पनि भएको छ। केही फरार छन, केही कैद सजाय भोगेर फर्केका छन् । मठ मन्दिरको जग्गा हत्याउने, बिक्री गर्ने तथा महन्त बन्ने होडवाजीका कारण यहाँका आधा दर्जन भन्दा अधिक साधु, पुजारी, महन्त र उनीहरुका सगा सम्बन्धीहरुको हत्या भइसकेको इतिहास हाम्रो सामु छ।

भोजराज घिमिरे नेतृत्वको कार्यदलले संकलन गरेको तथ्यांक अनुसार- जानकी मन्दिरसंग १ सय ४१ बिघा ९ कठा १४ धूर, राम मन्दिरसंग १ हजार २ सय २० बिघा १ कठा १६ धूर, लक्ष्मण मन्दिरसंग ३८ बिघा ९ कठा, कुवा रामपुरस्थित हनुमान मन्दिरसंग २९ बिघा, कुपेश्वरनाथ महादेव मन्दिर कुवासंग ७२ बिघा ११ कठा, रत्नसागर मठसंग ५५ बिघा ८ कठा जग्गा देखिएको थियो । यी जग्गाहरुको संरक्षण सम्वर्द्धन तथा जनकपुरधामको मौलिक धार्मिक-सांस्कृतिक परम्परालाई जोगाइ राख्न भोजराज घिमिरे नेतृत्वको कार्यदलले २० वर्ष अघि जनकपुरधामका मठ मन्दिरहरुलाई ट्रष्टमा लगिनु पर्ने सुझाव दिएको थियो । प्रतिवेदनको सुझाव खण्डमा उल्लेख छ- 'राममन्दिर तथा जानकी मन्दिर जस्ता आर्थिक रुपले सवल मन्दिरहरुको सुव्यवस्थापनार्थ ट्रष्ट वा कोषको अपरिहार्यता स्वीकार गर्दै ट्रष्टको वैधानिक स्वरुप कायम नहुञ्जेलसम्मका लागि व्यवस्थापन समिति गठन गरी ती मन्दिरहरुको प्रभावकारी व्यवस्थापन र संचालन गर्नु उपयुक्त हुनेछ ।'

यसैगरी घिमिरे प्रतिवेदनमा जनकपुरधामका धार्मिक तथा ऐतिहासिक पोखरी र पोखरीका डिलहरुलाई समेत सूचीकरण गरिएको थियो । कार्यदलले जनकपुरधाम वरिपरिका ४९ धार्मिक महत्वका सार्वजनिक पोखरीहरुको सूची सार्वजनिक गर्दै यी पोखरीहरुमध्ये जनकसरोवर, अमृतकुण्ड, गोपालसर, पयस्वनीसर र बलदेवसर लोप भइसकेको उल्लेख गरिएको छ।

अचेल, बालेन्द्र साह नेपालका प्रधानमन्त्री छन् । मनिष झाजस्ता यस क्षेत्रका सांसद छन् । जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साह, संघीय र प्रदेश सरकारले कानुन बनाएर गुठी जग्गा व्यवस्थापन गर्नु पर्ने पक्षमा छन् । मधेश प्रदेश सरकारका गृह मन्त्री फकिरा महतो सडकपेटी खाली गराउने अभियान नै चलाएका छन् । तात्पर्य, जनकपुरधामका अतिक्रमित जग्गा खाली गराउन अचेल सबै पक्ष सकारात्मक छन् । यस्तो सकारात्मक समयमा गुठीको जग्गा अतिक्रमणमुक्त गराउन सकिएन वा हुँदै गरेको अतिक्रमण रोक्न सकिएन भने यसको दोष बालेन्द्र सरकारमाथि नै जाने हो ।

बालेन्द्र सरकारले यस अघिका आयोग तथा कार्यदलहरुले सरकारलाई बुझाएका प्रतिवेदन कार्यान्वन गर्ने उद्घोष गरेको अवस्थामा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा गठित समिति र भोजराज घिमिरे नेतृत्वको कार्यदलले सरकारलाई बुझाएको प्रतिवेदन कार्यान्वयन मात्र गर्न सकिए गुठीको जग्गा संरक्षित हुन्छ। जानकी मन्दिर सहितका मठ मन्दिरहरुलाई ट्रष्टमा लग्न सकिन्छ। बालेन्द्र सरकारसंग यी प्रतिवेदनहरु कार्यान्वयन गर्ने सुनौलो मौका छ।

## मोबाइल विवादमा खुकुरी प्रहार

**टुडे समाचारदाता**

जनकपुरधाम । मोबाइल खरीद बिक्रीको विषयमा भएको विवादमा एक जनाले मोबाइल पसलका कामदारमाथि खुकुरी प्रहार गरी घाइते बनाएका छन् ।

शुक्रवार मोबाइल खरीद गर्ने निर्भय मिश्रा भन्ने व्यक्तिले जनकपुरधाम २ उपमहानगरपालिकाको अगाडि रहेका मोबाइल मल भन्ने मोबाइल पसलका कामदार नवीन कुसियैतमाथि खुकुरी प्रहार गरी घाइते बनाएको धनुषा प्रहरीले जनाएको छ।

धनुषा प्रहरीका प्रवक्ता गणेशबहादुर बमले दिएको जानकारी अनुसार मोबाइल खरीद गरेको विषयमा दुवै पक्षबीच विवाद भएको थियो । विवादकै क्रममा मोबाइल खरीदकर्ता मिश्राले कुसियैतमाथि चार/पांच ठाउँमा खुकुरी प्रहरी गरी घाइते बनाएको हो ।

घटना पश्चात घाइते कुसियैतलाई उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको छ भने आरोपित मिश्रालाई




घटना स्थलबाटै नियन्त्रणमा लिई अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रवक्ता बमले बताए ।

घटना बारे जानकारी दिदैं पसल सञ्चालक सदाम राईनले भने ' मिश्राले करीब ६ महिना अगाडि सैमसँग कम्पनीको एस २५ मोबाइल ईएमआईमा खरीद गरेका थिए । तीन महिनादेखि किस्ता नबुझाउंदा पसलका कामदार कुसियैतले ताकेता गर्दा मिश्राले गालीगलैज गरेका थिए। सो घटना पश्चात आज पसलमा आउंदा पछिल्लो कुरालाई लिएर भनाभन हुँदा मिश्राले आफ्ना स्टाफ कुसियैतलाई चक्कु प्रहार गरी घाइते बनाए।

## धनुषाको ४५ केन्द्रमा उत्तरपुस्तिका जाँच

**टुडे समाचारदाता**

जनकपुरधाम । माध्यमिक शिक्षा परीक्षा (एसइई) को उत्तर पुस्तिका परीक्षण कार्यलाई शिक्षा विकास तथा समन्वय एकाइ धनुषाले तीव्र रूपमा अगाडि बढाएको छ।

जिल्लाका ४५ वटा केन्द्रमार्फत उत्तरपुस्तिका जाँच भइरहेको एकाइ प्रमुख चेतकुमार पोखरेलले जानकारी दिएका छन् ।

सरकारले यस वर्षदेखि एसइईको नतिजा एक महिनाभित्रै सार्वजनिक गर्ने निर्णय गरेसँगै परीक्षा सकिएलगत्तै उत्तरपुस्तिका परीक्षणको प्रक्रिया थालिएको हो । एकाइ प्रमुख पोखरेलले भने, "समयमै नतिजा प्रकाशन गर्ने लक्ष्य अनुसार सबै केन्द्रमा परीक्षण कार्य सुरु भइसकेको छ । जिल्लाभरका ४५ केन्द्रबाट



सङ्कलित उत्तरपुस्तिका सुरक्षित रूपमा राखेर जाँच भइरहेको छ।"


उत्तरपुस्तिका परीक्षण कार्यलाई व्यवस्थित र विश्वसनीय बनाउन सुरक्षा व्यवस्था कडा पारिएको छ । यस कार्यमा माध्यमिक तहमा अध्यापन गराउँदै आएका अनुभवी एवं विषयगत करिब दुई सयभन्दा बढी शिक्षक खटिएका छन् ।

उत्तरपुस्तिका परीक्षण भइरहेका अधिकांश केन्द्रमा सीसीटीभी क्यामरा जडान गरिएको छ । केही केन्द्रमा क्यामरा जडान गर्न बाँकी रहेको र त्यसका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय भइरहेको एकाइ प्रमुख पोखरेलले बताउनुभयो । उहाँका अनुसार जिल्लाभर शान्तपूर्वक परीक्षा सम्पन्न भएको छ र अबको लक्ष्य समयसीमाभित्रै उत्तरपुस्तिका परीक्षण कार्य सक्नु रहेको छ।

## यातायातमा बिचौलिया प्रवेश निषेध

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको श्रम तथा यातायात मन्त्रालय अन्तर्गत रहेको यातायात व्यवस्था कार्यालय जनकपुरधामले कार्यालय परिसरमा बिचौलियाको प्रवेश रोक्ने र सेवाग्राहीलाई सहज, छरितो र पारदर्शी सेवा उपलब्ध




गराउने निर्णय गरेको छ।

कार्यालय प्रमुख चन्देश्वर साहले सेवाग्राहीको नाममा अनावश्यक दुःख दिने, चलखेल गर्ने वा बिचौलियाको माध्यमबाट सेवा प्रवाह गर्ने कार्य नगर्न कर्मचारीहरूलाई कडा निर्देशन दिएको हो।

कार्यालयमा नयाँ 'नागरिक सहायता कक्ष' स्थापना गरिएको छ । यसबाट सेवाग्राहीलाई पालोअनुसार सेवा उपलब्ध गराइनेछ । यसले सेवा प्रवाहमा पारदर्शिता बढाउने र भ्रष्टाचारजन्य गतिविधि कम गर्ने लक्ष्य राखेको छ।

कार्यालयले सबै सेवाग्राहीलाई बिचौलियाको प्रभावमा नपर्न विशेष अनुरोध गरेको छ। प्रमुख साहले भने, 'हाम्रो प्राथमिकता सेवाग्राहीको सहजता र पारदर्शी सेवा सुनिश्चित गर्नु हो। यसका लागि कर्मचारीहरूले नागरिक सहायता कक्षको सहायतामा मात्रै सेवा प्रवाह गर्नुपर्नेछ।'

## विषाक्त मदिराले ४ जनाको मृत्यु

**टुडे समाचारदाता**

रौतहट। भारत बिहारको मोतिहारी जिल्लामा विषाक्त मदिरा सेवनका कारण चार जनाको ज्यान गएको छ भने सात जना अस्पतालमा उपचाररत छन् । घटनाले सो क्षेत्रलाई स्तब्ध बनाएको छ।

मदिरा माथि प्रतिबन्ध लागू भएको राज्य भए पनि अवैध रूपमा उत्पादन तथा बिक्री हुने मदिराका कारण यस्ता घटनाहरू दोहोरिइरहेका छन्। स्थानीयका अनुसार मदिरा बन्दीपछि उल्टै सयौं स्थानमा अवैध मदिराको कारोबार बढेको छ।

मोतिहारी जिल्ला प्रहरी प्रमुख एसपी स्वर्ण प्रभातले चार जनाको मृत्यु भएको पुष्टि गर्दै सात जनाको अस्पतालमा उपचार भइरहेको जानकारी दिएका छन्। उनका अनुसार घटनामा संलग्न चौकीदार भरत राय र मुख्य आरोपी नागा रायलाई परिवारका महिलासहित पक्राउ गरिएको छ। साथै, तुरकौलिया क्षेत्रका प्रहरी इन्चार्ज उमाशंकर मांझीलाई निलम्बन गरिएको छ।

मृतकमध्ये स्थानीय युवक चन्दू पनि रहेका छन्, जसको हतारमा अन्त्येष्टि गरिएको बताइएको छ। अस्पतालमा उपचाररत लोहा ठाकुरले मंगलबार राति स्प्रिट मिसिएको मदिरा सेवन गरेको र त्यसपछि स्वास्थ्य बिग्रिएको बताएका छन। उनका अनुसार मदिरा सेवनपछि आँखाको ज्योति समेत गुमेको छ।

मृतकका आफन्तहरूले मदिरा बन्दीपछि अवैध मदिरा कारोबार झन् मौलाएको आरोप लगाएका छन्। उपचारमा संलग्न चिकित्सकहरूले पनि यो विषाक्त मदिराको असर भएको पुष्टि गर्दै कतिपय बिरामीको दृष्टि गुमेको बताएका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८